In Public Domain. Digitization by eGangotri.Funding:

भूमिका

पहिलेपहिलेका संस्करणहरूमा लेखिएका भूमिकाहरू हेर्दा हाम्रो भाषाको अवस्थामा भएको परिवर्तन छाम्न सकिन्छ । आजभन्दा पैंतीस वर्षअगाडि मैले लेखेको रहेछु:—

'यो हैरान हुने कुरा हो कि न कोही नेपाली नाटक खेल्दैन ? जो हिन्दी नाटक यहाँ खेल्छन् उनीहरूको पनि जोश शून्य छ, फ्रन् अर्काको देखासिकी गर्दा सौन्दर्य गएको पनि प्रत्यक्ष देखिन्छ । जोश आफैमा छ, कसैको चोर्नुपर्दैन । नाटक खेल्दा आफूलाई विसिनुपर्दछ जस्तो हाम्रा स्वदेशी झाँक्री देवता वा भूत चढ्दा गर्दछन्, जसको रूप धारण गरिन्छ मानूँ उही हुनुपर्दछ ।'

फेरि यस्तो लेखेको रहेछु:—

'अब मेरो आखिरी निवेदन एउटा बाँकी रह्यो: धेरैको मातृभाषा-माथि सुदृष्टि पर्न सक्तैन, न भाषाको निति कलम नै उठ्तछन्; उनी-हरूको भाषासँग नै वैरत्व छ ।'

आज यो कुरा निरर्थक जस्तो भएको छ, तर पैंतीस वर्षअगि यसो भन्नु आवश्यक थियो:—

'कुनै भाषालाई घृणा गर्नु मूर्खता हो । जुनसुकै भाषा पनि राम्रो हो जसको विचार राम्रो छ । यसलिति हामीले आफ्नो विचार पनि उच्च र शुद्ध पार्न खोज्नुपर्दछ, हाम्रो भाषा पनि भाषा हो ।'

Digitized by eGangotri. Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri Funding:

यो उस वेलाको कुरा हो जब हाम्रा लेखनाथज्यूको 'ऋतुविचार र बुद्धिविनोद' जस्तो राम्रो र सानो पुस्तकको द्वितीय संस्करण चौध वर्षपछि छापियो। हुन त हाम्रा विद्वान् कलाकार तथा शिल्पकारहरूलाई अङ्ग्रेजीको व्यामोहले अझै छोडेको छैन तापनि हाम्रा राष्ट्रप्रेमी राष्ट्रनायक श्री ५ महाराजाधिराजको प्रतापले त्यस व्यामोहको बदली बिलाउँदै जाँदो छ; कति ठाउँमा हामी नेपाली भाषाले विदेशी भाषाको वुइ चढेको देख्तैछौं। परन्तु पुराना घाउका खाटा अझ उप्किसकेका छैनन्, उप्केका ठाउँमा पनि हामी कलंक देख्तैछौं। आशा छ, पूर्वी देशहरूमा पनि पश्चिमी देशहरूमा झैं मानव चैतन्य चाँडो आउला, शुगेचैतन्य होइन।

यो त्यस समयमा लेखिएको नाटक हो जब नेपाल राज्यभरमा एउटा दरबार स्कूल थियो, दुइ-चार दरबारका वैयक्तिक नाट्यशालामा हिन्दी वा उर्दू भाषाका नाटक खेलिन्थे। आज राष्ट्रिय नाचघरमा बराबर नेपाली भाषामा हामी नाटक नृत्य संगीतहरू देख्न सुन्न खेल्न खेलाउन पाइरहेका छौं। आज हजारौं स्कूलहरू छन्; ती चाँडै नै पाठशाला विद्यालय र महाविद्यालयहरूमा परिणत हुँदै जाँदैछन्। त्रिभुवन विश्वविद्यालय अनि थोरै वर्षमा यथार्थमा नेपाली विश्वविद्यालय बन्नेछ। हाम्रा आधुनिक राष्ट्रकवि मोतीराम भट्टको सपना निकट भविष्यमा नै झलमल्ल विपनामा रूपान्तरित हुनेछ।

—बालकृष्ण सम
(२०२१)

❀

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ध्रुव ।

प्रस्तावना

सूत्रधारको प्रवेश ।

सूत्रधार—(गीति)

'अ' बाट उत्पन्न 'क' को, 'क' का काय नै दुइटा भए अनि,
स्वायम्भुव मनु पुरुष, स्त्री शतरूपा बने तिनै फेरि,
उनका दुइ पुत्र भए, तीन सुता ; एक पुत्रको नाम
उत्तानपाद, जसको राजसमयको यहाँ कुरा चल्छ
विरञ्चिस्वायुबाट निस्केको यो छन्द अनुष्टुप्मा, त्यस्तै
पहिला सृष्टि हुन आएको सुगद्यभाषामा ।

(उपगीति) यदि सबले मनभित्र ध्रुवको तपोपन बन्न
दिए नारायणले आज हरेकलाई दर्शन दिए ।

(निस्कन्छ)

प्रथम अङ्क ।

दृश्य १—राजभवन । सुरुचिको कोठा ।

सुरुचि र कंकाको प्रवेश ।

कंका—ज्यादै कडा होइवक्सनु त—

सुरुचि—जस्तो राजाले कुनीतिले सुनीतिलाई छोडे, अर्की सुवासिनीको रुचि भयोभने यो सुरुचिलाई छोडन के बेर ! शक्तिशाली पुरुषको इच्छालाई शक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

मदद हुन्छ, जे गर्न खोज्दछन् त्यो उहिल्यै गरिसक्त-छन्; पुरुषको के भर छ कंका ! यो मेरो समय हो कंका ! हातको चरालाई उम्काऊँ, आकाशको चरा-लाई सान गरूँ ? ध्रुव अरू कसैको छोरो भएको भए म उसलाई आफूभन्दा प्यारो उत्तमलाई भन्दा प्यारो गर्थें. अहिले ध्रुव मेरो आँखाको कसिंगर छ, किन भन्छयौ, कंका ? त्यो हकदार हो।

कंका—सोझो मुखले हुँदैन र ?

सुरुचि—हुँदैन, हुँदैन। प्रेमको डोरीले बद्ध मनको हात डोरी छिनालेर उम्कन खोज्दछ, बराबर घुर्कीको थपडा त्यो हातलाई नचखाई हुँदैन। पुरुष, हामी सुमेरुको टुप्पामा पुग्यौंभने उनीहरू उसैको फेदीमा पुग्दछन्, हामी ओल्यौं भने उक्लन्छन्।

कंका—महारानी, हामी पनि ठीक त्यस्तै छौं।

सुरुचि—फरक यही छ—उनीहरू आफै उक्लन्छन्, हामीलाई उकाजिदिनुपर्दछ।

कंका—मेरो चित्त बुझ्यो, तर रानी सुनीति खूप सोझी हुनुहुन्छ।

सुरुचि—सोझो, ज्यादै सोझो; सोझै हुँदा छुरी चाँडै छातीको वारपार हुन्छ; सौता चेतन छुरी हुन्, कुड्केला छुरीकै विषधार हुन्, तिमीलाई थाहा छैन ?

उत्तम र तोषाको प्रवेश।

नानी ! हा ! यसलाई केही भयो भने म आगो ओढ्नेछु।

कंका—एउटै बोटका दुइ गुलाब।

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

सुरुचि--जब हावा बहन्छ एउटा फूलको डाँठको काँढाले अर्को फूलका डाँठ र नरम पातलाई समेत चिर्दछ ; अहिले हावा मतिरबाट बहेको छ, त्यो डाँठलाई चिरेर सकेसम्म भाँच्ने समय यही हो, दैवात् उल्टो हावा चले मै चिरिन्छु, अनि यही डाँठको यो उत्तम फूल वैलाउँछ ।

कंका—विचार गरिवक्सियोस् , महारानीसँग सुनीति कत्तिको नुहुनुहुन्छ ?

सुरुचि—जो हार्दछ त्यो निहुरन्छ, तर त्यस्तासँग डर हुन्छ—निहुरने मानिस केही टिपेर फेरि ठाडो हुन्छ । नुहेको कुरा गछर्यौं ? गुलाबको काँढा पनि नुहेकै हुन्छ । (उत्तमसँग) बुवाले प्यारो गरेर 'के लिन्छस्' भनिबक्सियो भने 'राज्य लिन्छु' भन्नू , 'के माग्दछस्' भनेर सोधिबक्सियोभने 'राज्य माग्दछु' भन्नू , 'के पाउन मन छ' हुकूम भयोभने 'राज्य पाउन मन छ' भन्नू , 'तँलाई केको इच्छा छ' भन्ने भयो भने 'राज्यको इच्छा छ' भन्नू ; अरू सेता पहेंला खपटाहरू, घिउरङ्का उनिएका गुज्राहरू, कुल्कने दुङ्गाहरू, केही केही पनि नलिएस् , तँलाई अरू जे जे पनि मै दिन्छु, खालि एउटा राज्य बुवासँग मागेस् , मसँग त्यो छैन ।

उत्तम—बुवाले ' के खान्छस् ' भनिबक्सियो भने त म खाने 'कुरा मागूँ ?

सुरुचि—मूर्ख, मूर्ख, खान लाउन दिने तेरी आमा म छैन ? ' के खान्छस् , के लाउँछस् , भन्ने सोधनी भयो भने

Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

'राज खान्छु, ताज लाउँछु' भन्नू, नत्र म तँलाई ध्रुवलाई जस्तै निकालिदिनेछु। (कंकासँग) मेरो हातमा खड्ग आए म तिमीलाई मार्दिन, मलाई निश्चय छ; तिम्रा हातमा खड्ग गए तिमी ममा प्रहार गछर्यौ गर्दिनौ तिमीलाई नै निश्चय छ; उत्तम राजा भए ध्रुवलाई मार्दैन, म मार्न लाउँदिन, मलाई निश्चय छ, ध्रुव राजा भए सुनीति उत्तमलाई के गराउली उसैलाई निश्चय छ, मलाई छैन; प्रजा सुख आफ्नै हातले लिन चाहन्छ, आफ्नै हातले दिन चाहन्छ, दुःखीलाई जो पनि दया गर्दछ, तर कोही दुःखी हुन चाहँदैन।

कंका—मलाई खुशी लाग्यो महारानी, अब म बोल्दिन। सरकार ढाल होइबक्सिन्छ न कि तरवार, बुझें।

सुरुचि—तोषा, महाराज कहाँ ?

तोषा—बैठकमा, कलाविषयक कुरा चलिरहेछ, नारद मुनि पनि उहीं। कोही गनेर पचपन्न पुऱ्याउँथे, कोही साठी, कोही त्रिसट्ठी पुऱ्याउँथे। कुमार चकचक गर्न लागिबक्सियो, अनि मैले यता सवारी चलाएँ। नारद मुनि 'बालक्रीडन पनि एक कला हो, जम्मा चौसट्ठी पुग्यो' भन्न लाग्नुभएको थियो।

सुरुचि—हिजो पनि युगको कुरा चल्न लागेको थियो, अहिलेको यो सत्ययुग रे, यसपछि फेरि तीन युग आउँछन् भन्दथे। (उत्तमसँग) बुवाले कुरा गरिरहिबक्सिएको वेलामा चकचक गर्न हुन्छ ?

कंका—तर त्यही चकचक पनि एक कला बनेछ, अचम्म !

(निस्कन्छन्)

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

दृश्य २—उहीं । बैठक ।

उत्तानपाद राजगद्दीमा बसिरहेका; दमन, नन्दन,
अरू कर्मचारीहरू वरिपरि बसिरहेका ।

दमन—चोरी पनि त एक विद्या हो ।

उत्तानपाद—चोरीलाई पनि लिने र ?

दमन—म त लिने बिन्ती गर्छु, धनुर्विद्याबाट पनि ब्रह्महत्या हुन सक्तछ, चोरी विद्याबाट हामी राक्षसले हरिएकी ब्राह्मण-कुमारीलाई बचाउन सक्तछौं;—विष असल हो जब राक्षस मर्दछ, अमृत खराब हो जब राक्षस बाँच्तछ ।

उत्तानपाद—लौ, उसो भए विद्या चौध किसिमको भयो । मुनि पाल्नुभइसक्यो ?

नंदन—माथि पाल्नुभइसक्यो ।

उत्तानपाद—भइहाल्यो, भोलि फेरि उदाउनुहुनेछ । भन दमन, दुनियाँ के भन्छ ?

दमन—सब सुखी छन्—आफ्नो निम्ति ।

उत्तानपाद—आफ्नो निम्ति ?

दमन—सरकार ! सब दुःखी छन्, सब बेखुशी छन्—

उत्तानपाद—किन ?

दमन—राजकुमार ध्रुवको निंति, ध्रुवकी सुमा महारानी सुनीतिको निंति । म पनि दुःखी छु, नन्दन दुःखी छन्, यी कर्म्मचारी सब दुःखी छन्, नजर होस्, सबका आँखा लाल रस भरिएर चुहिनै लागेका हलुवावेद जस्ता छन्, कुनै कागको चोचुले छोइनेबित्तिकै यताबाट रसको खोला बग्दछ ।

enal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri. Funding:

उत्तानपाद—किन रोयौ दमन, किन रोयौ ? नन्दन पनि ? सब ?

दमन—हामी मानिसको ता के कुरा, लोहहरू पनि पानी बनेर पग्लन्छन् यो वृत्तान्त सुने भने ! फूलले जसको गाथ विछाएको भए पनि खुल्दथ्यो, कोपिला पाँच वर्षका युवराजको सुकेको झारले घोची पाउमा प्वाल पार्दछ, त्यो देखेर कलेजामा हाम्रो खाडल पर्दछ यस्तो दया प्रजामाथि त्यस्तो निर्दयता किन पुत्रमाथि ? महाराज, कस्तो आश्चर्यको कुरा। रानी नरेशकै, छोरा पनि फेरि नरेशकै, सिधी साधी सुधी सोझी माता श्रीयुवराजकी, त्यो सिंहासनको वाम भाग नै जसले सधैं उज्यालो पारिवक्सिन्थ्यो, आज यो कालले गरी वनमा गरिवक्सिन्छ राज सन्तापिनी बनी, गृहवासी वरू दासी, हा ! रानी वनवासिनी । मुहार सब फुस्रो छ, शृङ्गार सब शून्य छ, बारबार वही आँसु सुन्निएको छ लोचन, ओठलाई कलेटीले विगारेको छ, माथमा लट्टा परिरहेको छ, माटोले बाहुली दुवै दुवै पाउ फुटेका छन्, गाथ सुक्कै गई सब पोशाक खोल जस्तो छ। यत्रा महलमा किन पुगेन ठाउँ, हे देव, एउटै फूल, एउटै फूलको कोपिलालाई ? बनको फूल पाउँछ माला बनेर प्रभुको छातीमा वास, पुष्प ती घरका वनमै फक्रून् ? पवित्र प्रभुको पनि

Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

अश्रु-वर्षा भयो, खालि अब बात मुहारको
छ बाँकी, नत्र ता पाई जल-वायु अवश्य नै
सप्रन्थे फूल ती चाँडै ।

उत्तानपाद— के गर्छौं, फर्कला भनी
दिएँ सुरुचिलाई यो कारकोर गरी दिल ;
तर उल्ले भने आफ्नो दिलमा दिल यो थुनी
राखी कैदी बनाएर, म केही बोल्न सक्तिनँ ;
पछाडि रिस यो पाक्छ, अगाड़ि सब डढ्दछ
रिसको पछितो गर्दै प्रीति पो डबल्याउँछ
मन यो ।

दमन— न्यायको अङ्ग यही हो ? घुस्न वक्सियोस्
मनमा पापको धाक ! आफ्नी निरपराधिनी
रानीलाई महाराज सजा व्यर्थै नवक्सियोस् !
पतिव्रता उही हो जो पतिको मनमाफिक
चल्दछे यदि कोही स्त्री पतिले जे गरे पनि
हेर्छे कुदृष्टिले मात्र उसलाई भने पनि
छोड्छे पतिव्रता-नाम ।

उत्तानपाद— होस् सुनीति पतिव्रता
मेरी सुरुचिको पत्नीव्रत मै हुँ ।

दमन— पतिव्रता
उही हो पहिले आफ्नो भनी जो नित्य अड्दछे ।
प्रभुको कसरी पत्नीव्रत हामी भनौं ?

उत्तानपाद— तिमी
भन जे मनमा लाग्छ, फल नै नमिले पनि
यो पत्नीव्रतको कर्म जो लिएँ त्यो लिएँ लिएँ ।

दमन—महाराज ?

Digitized by eGangotri. Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri. Funding:

उत्तानपाद—म छु बन्धनमा, किन्तु कोही बन्धन यो अब
छुटाइदिन सक्तैन छुट्न चाहन्नँ मै जब ;—
तोड्थें फलामको डंडी जति मोटो भए पनि,
प्रेमको बार तोडेर तोडिंदैन, प्रयत्नले
नाघ्दथें ईंटको जत्रोसुकै होस् परखाल म,
नाघिदैन निकै होचो मायाको परखाल यो ;
टुट्थ्यो फलामको सिक्री, पाश टुट्तैन बाहुको ;
ऋण चुक्तैन कहिल्यै पनि यो प्रेम साहुको ।

दमन—'राजा इन्द्रियका दास, हामी दास नरेन्द्रका,
भने इन्द्रियका हामी सब दासानुदासले
के गर्ने ?' भोलिदेखिन् यो दुनियाँ बोल्न थाल्दछ ।
साधारण प्रजामाथि जस्तो न्याय सधैंभरि
गरिबक्सिन्छ, रानी र पुत्रमाथि पनी अब
उस्तै न्याय भएदेखि दुःखी सारा प्रजा कति
सुखी होलान् ! प्रतापाग्नि बल्ला !

उत्तानपाद—सुरुचिको जब
चुहिन्छ आँसुको एक थोपा तत्क्षणमा निभी
प्रतापाग्नि ठूलो खोला दुःखको वेगले अनि
मेरो हृदयमा बग्ला !

दमन—हा ! हा ! दमनको किन
कान फुट्तैन ? के आज म यसै बहुलाउँछु ?
डर छैन महाराज, परमेश्वरको पनि ?

उत्तानपाद—त्यसैले
परमेश्वरमा मेरो प्रार्थना छ यही सधैं—
होला कल्याण सबको जे गर्नाले उही गर ।
दमन,

Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

तिमीबाट गई बाण एकको प्राण हर्दछ,
तर ताप तिमीलाई लाग्छ ।

दमन— हा, परमेश्वर !
होला कल्याण सबको जे गर्नाले उही गर,
नत्र पाप तिमीलाई लाग्नेछ मनरूप यो
हाम्रो नरकमा आई पर्नुपर्नेछ मर्त्यको
जिन्दगीभर ! के ईश, यो तिम्रै न्याय होइन
बालेको अग्नि आफूले आफैलाई जलाउँछ
कहिले कहिले ? हामीदेखिन् अब डराउनू !

कर्मचारीहरू—महारानी ! महारानी ! सवारी !

सुरुचि, उत्तम, कंको तोषाको प्रवेश
सुरुचि राजासँग बस्तछिन् ।

उत्तानपाद—(उत्तमलाई अङ्कमाल गरेर)
मेरो उत्तम यो, मेरो छोरो यो, यो महौषध,
(चुम्बन गरेर) गर्माएको गलालाई ठण्डा जलसमान यो
फोहरा त्यो बगैंचामा, छहरा त्यो पहाडमा,
हाम्रो शरीरमा सास जस्तै यो दरबारमा ।
घरका जिन्दगी जस्तै हुन् यी बालक बालिका,
रमाइलो उज्यालो छ खालि यो छ र यो घर ।
(उत्तमलाई मोतीको माला लाइदिन्छन् उत्तम त्यो फिकेर
पयाँक्तछन् ।)
त्यो मन परेन ?

उत्तम—मलाई त्यो ताज मन पर्छ ।

उत्तानपाद—यो ? [उत्तमलाई ताज लाइदिन्छन् ।
तँलाई ठीक हुँदैन । [फेरि आफै लाउँछन् ।

eral Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सुरुचि—यो उत्तमलाई बक्सिने भए म उसलाई ठीक हुने बनाउन लाइदिन्छु ।

उत्तानपाद—म यसलाई अर्कै किसिमको बनाउन लाइदिउँला ।

सुरुचि—यो किसिमको ध्रुवलाई होला ।

उत्तानपाद—उसो भए यही किसिमको अर्को यसलाई ।

सुरुचि—योचाहिं ध्रुवलाई ?

उत्तानपाद—म मुडुलो भएर अहिले कसैलाई पनि होइन ।

सुरुचि—पछि नि ?

उत्तानपाद—हाम्रो भविष्यत् जगदीश्वरको हातमा छ ; पछि के हुन्छ,—पछि उ जे गर्छ ।

सुरुचि—हामी आँट्छौं; त्यो कहिले पुऱ्याइदिन्छ कहिले पुऱ्याइदिंदैन, तर हामी आँट्छौं; उत्तमको विवाह गरिदिन्छु भन्ने हजूरलाई पूरा आँट छ ।

उत्तानपाद—तर बीचमा केही विघ्न आइपऱ्योभने ?

सुरुचि—आइपर्छ । के विघ्न आइपर्ला भन्ने डरले उत्तमको विवाहै गर्न चाहिबक्सिन्न ?—मलाई थाहा छ, त्यो हृदयको गन्ध उडूला भनेर त्यो ओठ खूप होशियारी-सँग बराबर बिर्को बन्द गर्दछ; मलाई थाहा छ त्यहाँ बेग्लै रस छ; मलाई थाहा छ मैले हजूरको माया गरे जति हजूर मेरो गरिबक्सिन्न ।

उत्तानपाद—तिमी किन त्यसै हावामा बोलिदिन्छ्यौ, सुनीतिलाई मैले कसरी निकालें त ?

सुरुचि—ओहो ! हजूरले ? (रुञ्चे स्वरले) हजूरको हृदय मेरो हो, मेरो हजूरको हो ; त्यो मेरो हकको प्यारो

Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

हृदयमा कसैको मायाको छाया मात्र पनि ओहो ! मृत्यु; त्यसैले मैले रानी सुनीतिलाई निकालें। अहिले त्यो नाम संझँदा पनि म बहुलाही हुन्छु,— सुनीति कसकी रानी ? अफसोस ! शून्यकी, मेरो हजूरकी होइन। हजूरले चाहिंबक्सिए सुनीतिलाई निकालिबक्सिन्नथ्यो, कतिचोटि त्यो मुहारबाट निस्केको होइन—सुनीति निरपराधिनी छ, किन वनमा पठाऊँ ?

उत्तानपाद—म के गरूँ ? अब तिमी के चाहन्छ्यौ ?

सुरुचि—(रुञ्चे स्वरले) मलाई के, म ता मेरो प्रभुको साथ मर्दछु, तर उत्तम यो बाँच्ला ध्रुवको राज्यकालमा; उ राजा यो प्रजा होला, उ धनाढ्य गरीब यो, धन्दा उ राज्यको गर्ला, यो गर्ला पेटभित्रको, उ चन्द्र सूर्य नक्षत्र गन्ला आकाशका सधैं, यो गन्ला खेतका धान एक एक गरी गरी; ओढ़ेर एउटा छाता उ हिंड्नेछ यहाँ अघि, दीर्घ पुच्छर बन्नेछ लाखौं मानिसको भिड, गल्ली गल्ली उही वेला सिल्ली कुकुरको अघि मेरो उत्तम हिंड्नेछ छायामन्तिर गिद्धको। केही बिराउला मेरो छोरो, मौका मिल्यो भनी ध्रुवले बदला लेला वनको निंति जीवन। यल्लाई नबनाएर जाऊँ म अहिले, पछि हेरेर मात्र के गर्नु माथिबाट टुलू टुलू ? अहिले प्रभुमा बिन्ती नगरूँ वेदना यही, रोएर मात्र के गर्नु मौका गुमिसकेपछि ? यसको सुख सन्तोष देखी मर्न म पाउँला ?—

ebal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यसलाई यही गद्दी दिलाउन म पाउँला ?
मसँग मागिबक्सेको भए यो प्राण नै पनि
टक्र्याउँथे, मलाई के पछिको निति एउटा
छोटो वचन मिल्दैन ?

उत्तानपाद— केको ?

सुरुचि— हाम्री दुवै जब
जान्छौं उत्तमले पाओस् पुरा तातो छँदाछँदै
त्यो राज गरिबक्सेको प्रभुको ठाउँ, पुत्रको
बामाङ्गीले पनि मेरो ठाउँ पाओस् !

उत्तानपाद— तिमी यसो
भन्छ यौभने—

दमन— महारानी, यो शंका सरकारको
निर्मूल हो,कि होला यी हाम्रा राजकुमारमा
कुनै किसिमको हानि ध्रुवबाट ; यहाँ छ को
सुगन्धि कोपिला-नाम ध्रुवलाई दिंदैन जो ?
कालले कोपिलालाई नफुल्न दिन सक्तछ,
नफुल्दै उसको घातसम्म गर्न उ सक्तछ,
परन्तु कोपिलामा जे सुगन्ध छ फुले पनि
सक्तैन कहिल्यै अर्कैचाहि गन्ध सटाउन ।

सुरुचि—फूलको जिदगी जस्तो ठान्नु हुन्न मनुष्यको,
अनेक रङ्गको छाया हाम्रोमा पर्न सक्तछ,
कालो छाया परे कष्टी, परेमा रक्त घातक,—
गम्भीर हुन्छ नीलोले, परेमा पीत कातर,
हुन्छ सज्जन सेतोले, यसरी रङ्ग चढ्दछ ;
भोलि नै ईखले सेतो ध्रुव रातो भयो भने ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

गरमीको चिसो पानी कुनै वेला बगाउँछ,
न्यानो आगो तिमीलाई मौका पारी जलाउँछ !

दमन—के यो कुरा महारानी, एकमा मात्र घट्तछ,
अथवा सबमा घट्छ ?

सुरुचि— कस्ता कस्ता कहाँ गए,
मूसाको पुत्र यो मन्त्री !

दमन— हो, मनुष्य मुसा भए ;

सुरुचि—के तिमी यसरी बोल्दै रहन्छौ ?

दमन— जबसम्म यो
सास भित्र पनी पस्छ जति निस्कन्छ बाहिर—

सुरुचि—व्यर्थमा यसरी हाम्रो कार्यमा विघ्न पार्दछौ,
के तिमी डर मान्दैनौ ?

दमन— मिथ्याको डर मान्दछु ।

उत्तानपाद—चुप लाग; भयो आज, झगड़ा किन गर्दछौ ?
विवाद व्यर्थ हो हामी आज्ञामा जब हिंड्दछौं;
नहिंड्नलाई सक्तैनौं, जे गराउँछ गर्दछौं ।

सुरुचि—(उत्तमसँग) अभागी, तेरो दोस्त कोही छैन ।

ध्रुवको प्रवेश ।

ध्रुव—(राजारानीलाई ढोग दिएर) उत्तम, यहाँ आऊ, मसँग
एक थोक छ ।

उत्तम—खेल्ने कुरा ?

ध्रुव— होइन ।

उत्तम—खाने कुरा ?

ध्रुव— जेसुकै होस् । (उत्तम ध्रुवकहाँ आउँछन्)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

उत्तम— आँप ?

ध्रुव—चाख त, महभन्दा गुलियो छ। तिमीले यस्तो मीठो केही पनि कहिले पनि खान पाएका होओइनौ; वनमा यस्तो जति भने पनि छ। मैले खानेबित्तिकै तिमीलाई संझें, टोक त।

सुरुचि—खै त्यो यता ले, जे पायो लियो ; (आँप फ्याँकेर) विष हो, विष हो मूर्ख, सुनीतिले पठाएकी, कसलाई याद खबर छ !

दमन—म त्यो आँप खाइदिऊँ।

सुरुचि—सर्पको विष सर्पलाई नलागोस्, जसलाई लाग्दछ त्यो परीक्षा गर्दैन। (ध्रुव मोतीको माला टिप्तछन्, सुरुचि त्यो खोस्तछिन्)

ध्रुव— भाइ मसँग वनमा हिंड, त्यहाँ यस्तो जति भने पनि छ।

सुरुचि—कुकुर, उत्तम तँसँग हिंड्छ ? कुकुर तँसँग हिंड्छ ; तेरो आँप लिएर जा, आधा तँ खा, आधा कुकुरलाई दे ; उत्तम तँसँग जाँदैन, बुवाको काखमा बस्तछ। (उत्तमलाई राजाको काखमा राखिदिन्छिन्)

ध्रुव— म कुकुर भए पनि बुवाकै छोरो हुँ। (राजाको अर्को काखमा बस्तछन्)

सुरुचि—वानर, तँ सुनको रूख चढ्छस् ? (ध्रुवतिर जाइलाग्दछिन्, ध्रुव आफै ओर्लन्छन्)

ध्रुव— किन, भाइ बस्न हुन्छ, म बस्न हुँदैन। अरु उभन्दा म ठुल्लो छु।

सुरुचि—उ मेरो छोरो हो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

ध्रुव—उही बुवाको ।

सुरुचि—तँ सुनीतिको छोरो ।

ध्रुव—उही बुवाको ।

सुरुचि—उही अन्नको भात, सुनको थालको होइनस् , नालको !

ध्रुव—थालबाट अघाएर फयाँकेको भात नालमा थुप्रिन्छ मेरी मुमा जेठी, म जेठो ।

सुरुचि—मनपरी, तेरी आमासंग बोलेको हो ?

ध्रुव—उहाँकै बहिनीसंग ।

सुरुचि—फेरि बोल्छस् ? गाला फोडूँ ?

ध्रुव—हजूरको भित्र जाडोले बराबर मेरो गाला त्यसै फुटाइदिन्छ, मेरो पातलो ओढ्ने र ओछ्यानभित्र समेत त्यो आएर मलाई कँपाइदिन्छ । (कराएर) त्यो नानो काख सधैं उत्तमको हो, आज एक दिन पनि एक छिन पनि मैले बस्न हुँदैन ?

सुरुचि—अरु ? मुख च्यातूँ ?

ध्रुव—म दुःखी कहाँ हाँस्न पाउँछु र ? हजूर सुखले हाँसि-बक्सिन्छ, सधैं हजूरकै मुहार च्यातिन्छ ।

सुरुचि—लौ, एक जनाले यसलाई ढोकाबाहिर निकालिदे ।

ध्रुव—बुवाको काखबाहिर हुनु दुनियाँबाटै बाहिर हुनु हो, अनि ढोकाभित्र हुनु पनि ढोकाबाहिर हुनु जस्तै हो । (उत्तानपादसँग) बुवा, किन निहुरिबक्सिन्छ ? मैले बुझें, कान्छी मुमाको डरले मलाई लिन सकिबक्सिन्न । मलाई यसरी फ्याँक्न मन थियो भने किन म गर्भमा छँदै मुमाको पेट चिरिबक्सिएन ?

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

म जन्मे पनि किन भोकै राखेर मारिबक्सिएन ?
म बिरामी हुँदा किन वैद्य बोलाइबक्सियो ?
किन उही वेला मलाई ओछ्यानमा सड्न दिइ-
बक्सिएन ?

दमन—अफसोस ! जगदीश !

ध्रुव—मुमाकहाँ घाम छँदै पुग्नुपर्छ ।

दमन—किन नजरलाई चक्कर खुवाइबक्सिन्छ? बग्छ भने बगोस् ।

ध्रुव—हँ ?

दमन—सब डुबून् , हजूर बाहुलीले पछ्याउँदै पौडँदै पाल्नुहोस् ।

ध्रुव—मेरो आँसु ?

दमन—हो, प्यासीको जल ।

ध्रुव—को पुछिदिन्छ ? मेरै आँखा थुनिन्छ, मैले नै पुछ्नुपर्दछ ।
ओहो ! अबेर भयो ।

दमन—भर्खर मध्याह्न भयो ।

ध्रुव—भर्खर ?

दमन—राजकुमार, अफसोस ! किन यहाँ पाल्नुभएको ?

ध्रुव—बुवाको दर्शन गर्नलाई, म उहाँको छोरो होइन रहेछु,
तैपनि उहाँ मेरो बुवा ।

दमन—बुवा मात्र होइन, ब्रह्माको देवता, उहाँ जे हुनु छ त्यो
गरिबक्सिन्छ, हजूर जिन्दगीभर प्रार्थना गरिरहि-
बक्सियोस् । (रुवालतिर देखाएर) नजर होस् , त्यो
हजूरको तपोवन होइन जहाँ आजकलसम्म पनि आँप
पाइन्छ ?

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

ध्रुव—हो, त्यहाँ एउटा रूखमा भङेराको गुँड़ छ, सब बच्चाहरू-
लाई उनीहरूका बाबु आमा पालैसँग आएर खुवाउँछन् ।

दमन—कुमार, त्यो स्थिति त्यो दिन उलटपलट हुन्छ जब भङेरा
त्यो भङेरीलाई छोडेर अर्कै भङेरी लिन्छ ।

ध्रुव—उफ् !

दमन—मुमा त्यहाँ खानेकुरा अगडि राखेर पखिरहिवक्सि-
एको होला, उहाँको यो लामो चिन्ता होला,—मेरो
छोरो कहिले आउला, कहिले यो काखमा राखेर,
खुवाउँला !—जसरी हाँस्तै यहाँ पाल्नुभएको थियो
उसरी उहाँ चाँडै पाल्नुहोस् । (ध्रुव रुँदै निस्कन्छन्)
खान्छ ठक्कर जो चाँडै लामो जीवन-मार्गमा
होशी कदम चालेर उही दौडन जान्दछ ।

सुरुचि—हो, गयो छर्कंदै आँसु, कृष्ण सर्प बनी अब
आउला अश्रुको सट्टा विष-धारा बहाउँदै ।

दमन—सुवर्ण जति ठोकिन्छ गहना मात्र बन्दछ,
फलामलाई ठोके पो घातकी अस्त्र बन्दथ्यो ;
कहिल्यै फर्कनेछैन, फर्किहाल्यो भने पनि
मुस्कुराहटको हावा यो क्रोधाग्नि निभाउला ।

सुरुचि—ति मीले क्रोध के मेरो सानो देख्यौ ?

दमन— निकै अछ ।

सुरुचि—कृतसापत्निकामा यो नदेख, जति चल्दछ
बतास उत्ति यो बल्छ, यहाँसम्मन् कि आखिर
तिमीलाई पनि फेरि कदाचित् यो जलाउला ।

दमन—संसारमा कुनै बाँचिरहँदैन सधैंभरि,
मर्नै पर्छ भने चाहे डुबी चाहे जली मरूँ ;

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

धर्म्म नै प्रिय साथी हो साथ जाने मरेपछि,
सकेसम्म महारानी, धर्म्म मात्र गरी मरूँ ;
कानले नपरोस् सुन्न अन्याय कहिल्यै कतै,
अरूलाई पनि धर्म्मै गराएर अनी मरूँ ।

सुरुचि—आफ्नो मुख सह्मालेर बोल, बोल्दै नबोल कि,
धेरै सहें यहाँभन्दा बढ्ता सहन सक्तिनँ ;—
भयो अन्याय भन्दैछौ, फेरि धर्म्म सुनाउँछौ,
आगोमाथि तताएको तिमी भाजन बन्दछौ ;
हेर है जलले नाघिसक्यो भाजनको बिट ;
एक अक्षरको बिन्दु अग्नि वा जल पार्दछ,
अग्निले क्रोधले भस्म पार्नेछ भरि पात्रको ।

दमन—धर्मको राहमा चल्दा डुबूँ, चाहे म भस्म हूँ ।

सुरुचि—जा, आँखा नदुखा मेरो राजाको म हुँ चामर,
जा, जा यस्ता झिंगालाई म धपाउँछु ; नाथको
खाने समयमा पल्की आज भन्किन आउँछस् ,
जब भोजन सिद्धिन्छ यहाँ ध्रुवकहाँ उडी
जानेछस् गुलियो हात चाट्नलाई सुनीतिको ।

दमन—महारानी, सह्मालेर सबैले बोल्नुपर्दछ,
म कत्थक भएदेखि व्यर्थै रिस उठाउँथें
किन ?—आफू म सप्रन्थें, आफूलाई बनाउँदा
बनाउँदै सबै राज्य भूमिभित्र घुसे पनि
परवाह नराखेर चल्दथें म स्व-कार्यमा ;
सुनौला यशको पङ्क्तिमा महाराजको किन
पोखिएला मसी कालो भनी व्यर्थ डराउँथें ?

सुरुचि—(रोएर राजासँग)
हा! बेइज्जति यो मेरो आज सम्मुख नाथकै !

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

जसरी त्यसको बोली मेरो गर्धन चिर्दछ
यो गाली चिर्न सक्तैन उसरी उसको किन ?
रानीलाई बजाएर ताली नजरको किन
बजाइरहिबक्सिन्छ, किन गाला बजाउन ।
मन्त्रीको सकिबक्सिन्न ?

उत्तानपाद— जाओ आज तिमीहरू ।

(मन्त्री र कर्मचारीहरू निस्कन्छन्)

निस्सन्देह तिमी पल्ट, तकिया म छँदै न छु ;
तिम्रो मन जता हिंड्छ सवारी म छँदै न छु ;
स्वरले मात्र के गर्छ ! स्याललाई कराउन
देऊ, सक्तैन त्यो घाँटी जहाँसम्म सुकाउन ।

(सब निस्कन्छन्)

द्वितीय अंक ।

दृश्य १—अत्रिमुनिको तपोवन ।

सुनीतिको कुटी ।

सुनीतिको प्रवेश ।

सुनीति—कोही बसीरहूँ भन्छन् , कोही जान्छन् खुशीसँग;
बुझ्छ जो पनी वस्न खोज्दछन् सुरलोकमा;
सुरको लोक हो स्वर्ग, पति नै सुर हुन् भने
पतिको लोक हो स्वर्ग, त्यहीं स्वर्ग जहाँ पति ।
जो स्वर्गमा छ के देव त्यसको दूर बस्तछन् ?
विचार देवतालाई टाढा वर गराउँछ,—
आँखा हेर्छ कसैलाई अनि देख्छ विचारले,
विचारै पहिले देख्छ आँखा बन्द गरे पनि,
भने के हुन्छ आँखा यो कोसौं टाढा परे पनि,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

के भयो भित्र जो आयो त्यो बाहिर दबे पनि ?
प्याराको, प्राणको, मेरा प्रभुको, प्रिय देवको
प्रतिविम्ब त्यहाँ होला वारिमा वारिवाहको,
सोझै परे पनी टाढा हुनाले देख्न सक्तछु ।

(ध्रुवको प्रवेश)

ओहो ! किन तिमी चाँडै फर्क्यौ ? किन बुवाकहाँ गएनौ ?

ध्रुव— के बुवा ?

सुनीति— हो, के पाएनौ अगुवा कुनै ?

ध्रुव— को बुवा ? (सुनीतिलाई अङ्कमाल गरेर रुन्छन्)

सुनीति— हा हृषीकेश ! मेरो कोमल वत्समा
अवश्य कलिलो हाड चूर्ण चूर्ण हुने गरी
रोपिएछ कुनै रोप यो सांसारिक चापको ।

(ध्रुवलाई काखमा राखेर)

सुन्यौ कान्छी मुमाबाट केही बिझने कुरा कुनै ?
अथवा भाइको देखी रवाफ सब लोभियौ ?
या तिमीले बुवाबाट पाएनौ एक चुम्बन ?

ध्रुव—मुमा,—यो काखमा—बस्न—नपाएको भए यहाँ—
आज नै यमुनाजीको—काखमा बस्न पुग्दथें ।
भाईलाइ दिएँ आँप—खोसी सुरुचिले त्यहीं—
शंका हजूरमा गर्दै 'विष हो, विष हो'भनी—
अनि फ्याँकिदिई-'आफै खा जा कुक्कुर त्यो, भनी—
मलाई—त्यसले;—फेरि बुवाको एक काखमा
बस्यो भाई—म अर्कोमा बस्ता गाली गरी—अनि—

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

निकालेर भनी—मेरो छोरो पो बस्न पाउँछ ;—
के मेरो दोष हो यो—जो जन्में हजुरवाट म—
या यो हजूरको दोष—मलाई जन्म बक्सियो ?

सुनीति—नारायण ! उसैको छ तमाम दुनियाँ, किन
बाँकी यो एउटालाई हानि त्यो पहुँचाउँछे !
मेरो प्राण पनि आफैसँग राखी सधैं सधैं
मलाई वर्षको एक फेरा त्यो दिन सक्तिन;
बधैंचा उसले पाई पतिको प्रेमको पनि,
सुकेको एउटा पात मलाई दिन सक्तिन।
उ बन्छे क्रोधले आगो म पानी बन्छु तैपनि
त्यो आगो किन निभ्दैन पानी छर्किरहे पनि।

ध्रुव— थियो इच्छा त्यहाँ मेरो आँसु नै नचुहाउने,
यहाँ हजूरमा आई मात्र पाउ दुवै धुने;
बोल्यो दमनले मीठो बोली तीरसमानको,
प्वाल पारेर यो आँसु चुहायो, मार्गमा पनि
त्यसैले पोखियो धेरै आयो धेरै यहाँ अझ,
योभन्दा अझ धेरै नै यो छातीभित्र बाँकि छ।

सुनीति—जत्ति पर्दछ आपत्ति धैर्यसाथ सबै सहू,
'नारायण' यही नाम वारंवार जपी रहू;
दियो यो जन्म जसले उसले नै खुवाउला,
जसले नाउमा हाल्यो उसैले पार लाउला;
वेला वसन्तको पर्ख जिन्दगीको हठी बनी,
सहू, सहू, सहू, बाबु, सहनै नसके पनि।

ध्रुव— के नारायण हामीले सहेको देख्न सक्तछ ?

सुनीति—सहूँ भन्ने चिताएको पनि त्यो देख्न सक्तछ,
सबैलाई दया गर्छ, जे पनी गर्न सक्तछ;

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

सबैसँग सधैं बस्छ, जे पनी जान्न सक्तछ ।

ध्रुव—सजा कान्छी मुमालाई पनि त्यो दिन सक्तछ ?

सुनीति—स्वर्गका देवतालाई पनि त्यो दिन सक्तछ ।

ध्रुव—त्यही हो स्वर्गको राजा ?

सुनीति— इन्द्र हो इन्द्रको पनि,
देवताको पनी देव ।

ध्रुव— त्यो कहाँ छ ?

सुनीति— जहाँ पनि ।

ध्रुव—जहाँ पनि भएदेखिन् किन छैन यहाँ पनि ?

सुनीति—आँखाको निंतिमा अर्को चाहिदैन, यहीं छ त्यो,
बरु त्यो देख्न अर्को नै आँखा चाहिन्छ एउटा;
घोर जङ्गलमा अर्को आँखाको निंति पस्तछन्
ठूला मुनिहरू, पाई आँखा ती सब देख्तछन् :—
एउटा चूर्णमा कोटि नारायण टनाटन ।

ध्रुव— उसो भए बिदा पाऊँ, मलाई जान बक्सियोस् ।
त्यो नारायणको पत्ता नलाई अब छोड्दिनँ;
चुक्ली कान्छी मुमाको यो उसैलाई म लाउँछु,
दुखेको यो उसैलाई सुस्सुम्याउन लाउँछु ।

(ध्रुव उठेर जान खोज्दछन्)

सुनीति—(ध्रुवलाई समातेर)

तिमी हौ झल्कने थोपा मचाहिं पात पद्मको,
कहिले जान दिन्थें म एक विन्दु तडागमा ।

ध्रुव— नरोकिबक्सियोस् , मेरो मन जङ्गलमा पुग्यो,
त्यहाँको एउटा अग्लो वृक्षमा अब बाँधियो;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

त्यता तानिरहेको छ रूखले, म यता बसे
तान्दा तान्दै मुमा, मेरो चुँड्नेछ वनले मन ।

सुनीति—तिमीलाई पठाएर अकेली म यहाँ बसूँ,
छोडेर दुइटै नाउ दुःख-सागरमा डुबूँ ?

ध्रुव—चाँडै आँखा दिई देखा परी हजुरको यही
नाउलाई—मलाई त्यो यहाँ फर्काउला मुमा;
दयालु नै भएदेखि, अथवा निर्दयी भए
यसै सुरुचिले मारी उसै म वनमा मरें ।

सुनीति—ओहो ! के सजिलो देख्यौ ? आँखा आँखा पवित्र त्यो
खोज्दा खोज्दै मरे कैयन्, कैयन् छन् खोजमा अझ
पाउँदैनन्, निकै थोरै थोरैको हातमा पर्‍यो,
तिम्रो निम्ति न त्यो बाबु, कीराको निम्ति सिन्धु हो ।

ध्रुव— कि नारायण देखिन्न जस्तै उद्योगले पनि
त्यसैले जान पाउन्नस् तँ नजा भनिबक्सियोस् ;
कि यत्नको कुरा यो हो भने उद्योग गर्दछु,
बिन्ती छ वनमा आजै मलाई जान बक्सियोस् ।
सकिने हो भने देख्न म पनी त हुँ मानिस,
सक्यो मानिसले जे त्यो किन सक्तैन मानिस ?

सुनीति—किन टाढा तिमी पुग्छौ ? तिम्रै हृदयमा पनि
विष्णु छन्, दुइटै आँखा फर्काऊ भित्र भक्तिले,
त्यहीं दर्शन मिल्नेछ ।

ध्रुव— ठूला मुनिहरू गए
किन जङ्गलमा ?

सुनीति— नानी, म बिना दिन सक्तिनँ ।
आफ्नो नङ पनि आफै काटनलाई मनाइ छ,
तिम्रो जिजुबुवाको यो कुरा काट्न म सक्तिनँ ;

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

आफै म कसरी आफ्नो दिल काटूँ सरासर,
म छोडूँ कसरी आफै तिमीलाई ? म सक्तिनँ ।

ध्रुव—मानें हजूरको आज्ञा, जान्न जङ्गलमा यसै,
मेरो कुरा पनि विन्ती योचाहिं मानिबक्सियोस् ,—
फेरि भेट जहाँसम्मन् हुनेछैन कुनै दिन
मेरो चुम्बनको ठाउँ नदली धोइबक्सियोस् ।

(सुनीतिलाई म्वाइँ खान्छन्)

सुनीति—किन रोयौ ?
मलाई छल्न लागेको ? वित्ताभर पनी अब
आँखाबाट तिमीलाई म छोड्दिनँ यता उति,
अब सुत्ता तिमीलाई म भित्तातिर राख्तछु,
बस्ता यो काखमा राखी हरिनाम सुनाउँछु ।
तिमीसँग जहाँसम्म तनु बेह्रिन पाउँछ
दिलमा सुखको आफै ढुकुटी यो बनाउँछ;
एकमात्र नमूना ह्यौ पतिको प्रेमको तिमी,
तिमी भए पुग्यो, छैन अब केही कुरा कमी ।
लाखौं वाद्य त्यहाँ हुन्छन् जहाँ जङ्गल एक छ,
तिमी गयौ भने मेरो सब होश हराउँछ,
नपसेर ननिस्केर सधैं अड्की तिमीविना
कण्ठमा प्राण आएर मलाई दिन्छ यातना ।

(निस्कन्छन्)

दृश्य २—उहीं । कुटीभित्र ।

सुनीति सुतिरहेकी, ध्रुव पल्टिरहेका, पानसमा
मधुरो दीप बलिरहेको । बाहिर गडचाङगुडुङ्ग र हुरी ।

ध्रुव—(सुस्तरी) "निद्रा पऱ्यो ? मुमा !"

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

(सुनीतिको आफूमाथिको हात विस्तारै पञ्छाउँछन्)

कस्तो शून्य निद्रा ! अवश्य यो
कालको भाइ हो। (टुक्रुक्क बसेर) छोड्यो मलाई अब बाहुले
चाहे जतासुकै जाउँ, चाहे जस्तोसुकै कडा
भाग्यको म कमारा हूँ। (उठेर) ध्रुवलाई बिदा मिल्यो।

(हुरी चलेको आवाज आउँछ। ध्रुव ढोका
खोल्छन्; बाहिरबाट सुकेका पातहरू उडेर
भित्र पस्तछन्। ध्रुव ढोका बन्द गर्दछन्)

(एउटा पात टिपेर) मैले पनि यही पात जस्तै उड्नुपऱ्यो भने !
हा ! फिरायो भने फेरि हुरीको झोकले यहीं !

(पात फ्याँकेर)—त्यो आँखा नलिई फिर्नुपरे जान्नँ त्यसै त्यहाँ;
गएपछि म फर्कन्नँ त्यो आँखा नलिई यहाँ।
पठायो जसले मेरो मनलाई निमन्त्रण
खाली हात मलाई त्यो उसै फर्काउला कहाँ !

(फेरि ढोका खोल्दछन्। बिजुली चम्कन्छ, फेरि ढोका लाउँछन्)

मैले यस्तो सुनेको छु—वनका बाघभालुले
त्यसै हामीहरूलाई पिउँछन् सजिलैसँग
दूध पानी पिए जस्तै; म पनि निलिएँ भने !

(उच्च स्वरले) हानि के ? जब त्यो जन्तु पेटभित्र पुऱ्याउला
ठूलो दया गरी निर्धो मलाई, तब जन्तुको
त्यहाँ हृदयमा फेरि नारायण म पाउँछु;

(अझ ठूलो स्वरले) दाँतको बीचमा केही गरी म पिहिए पनि
मेरो हृदय यो बेग्लै आँखा बेग्लै भएपछि
आफ्नै हृदयका चाहिलाई झन म देख्तछु;

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

फिरेन भित्र पो आँखा यो बाहिर त देख्तछ ।

(गज्याङगुडुङको शब्द आउँछ)

ओहो ! यो बाघको भन्दा ठूलो आवाज गर्दछ,
मलाई डर देखाई मेघ त्यो रोक्न खोज्दछ ।
थाहा छैन तँलाई के— भयभन्दा भयङ्कर
मुटुमा रोपिएको छ तीखो वचनबाण नै
मेरी कान्छी मुमाको ! तँ डर, मेरो वरै नआ,
यो देखे तँ पनी भाग्छस् ! जान लागिरहेछु म
उसैकहाँ बिछेको यो बाण जो झिक्न सक्तछ ।
डराऊँ त्यसदेखिन् जे देखेर डर भाग्दछ !

(लामो साम फेरेर सानो स्वरले)

सुकला होस् मुमा, राम्रोसँग; रात बितेपछि
अवश्य आउला भोलि फेरि अर्को सफा दिन ।

(सुनीतिलाई ढोगिदिन्छन्, गालामा म्वाइँ खान खोज्दछन्, रानी चल्दछिन्)

(अझ सानो स्वरले) भइहाल्यो मुमा, जाने वेलामा एक चुम्बन
मैले हजूरको प्यारो गालामा दिन पाइनँ;
यसको बदला फर्के भने जङ्गलबाट म
कोटिभन्दा पनी बढ्ता चोटि टक्थाउँला अनि ।

(पानसनेर गई घुँडा टेकेर रुञ्चे स्वरले)

दीप ! दीप !— मुमालाई तिम्रो जिम्मा म लाउँछु,
मुमाको आँसुको थोपा तेल जस्तै सुकाउनू,
रातमा रहनू जागा, पूर्व सेतो भएपछि
सुती त्यो रातको निद्रा दिनमा नै पुऱ्याउनू,
उठ्नू पश्चिममा फेरि त्यो उज्यालो डुबेपछि

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

मुमालाई सबै रात यसरी पहरा दिनू ,
मैले यो हात जोडेको मनले नित्य संकनू ,
ननिभ्नू रातमा । (उठेर) होला मुमाको कुन हालत !
मैले जस्तै गरी मीठो निद्राले जब छोड्दछ ।
प्राण आएर अड्केला मेरो त्यो प्रिय कण्ठमा !—
पृथ्वीभित्र अडे मात्र पुग्यो शिशिरमा जरा,
पालुवा यसमा अर्कै त्यो वसन्त चढाउला ;
के नारायणलाई यो थाहा छैन पुरा पुरा !
हेराइ आखिरी यो हो अब मेरो मुमातिर ।

(ढोका खोल्दछन्)

(केही ठूलो स्वरले)

ओहो !—त्यो सान ! आएँ म, आएँ म, परमेश्वर !
त्यो गोल्सजन् उज्यालोले खिच्यो मन उतैतिर ।

(नेपथ्यमा गड्याङगुडुङको आवाज । बिजुली चम्कन्छ)

नारायण ! नारायण !
सूर्य्य के आउनेछैनन् उज्यालो जब आउँछ ?
(एक छिनपछि) खोला पानी दिनेछैन जब मानिस धाउँछ ?
मलाई अरू बक्सिन्न के नारायण, दर्शन ?
उसो भए त्यहीं आई ध्रुव नै गर्छ दर्शन ।

(ढोका बिस्तारै बन्द गरी निस्कन्छन्)

दृश्य ३—घना जङ्गल ।

ध्रुवको प्रवेश ।

ध्रुव— कस्तो निष्ठुर, यो शीत मेरो मुटु हिलाउँछ !
के सौतिनी मुमाबाट पठाएको तँ दूत होस् ?

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दूत नै होस् भने मेरो यो हवाल सबै सुना,
जा यसै भन् उनीलाई 'मन्यो बाधा दिने ध्रुव,
पृथ्वीमा उसको देह-पिंजड़ा मात्र बाँकि छ,
उडी मनचराचाहिं माथि वैकुण्ठमा पुग्यो।'
पात ?—के छ यहाँ भित्र ?—केही छैन यहाँ पनि ;
आँखा !
त्यो आँखा म कहाँ पाऊँ, कहाँ खोजूँ, कहाँ घुमूँ ?
आँखा ! आँखा !
यो शीतले जमाएर मार्नुभन्दा अगाडि नै
आँखाले पाउला आँखा, यहाँ मारिसकेपछि ?

नारदको प्रवेश ।

नारद—नानी ध्रुव, कतावाट आयौ, जान्छौ कता तिमी
यो जाडोमा, अनी यस्तो सबेरै यो बिहानमा ?

(ध्रुव नारदलाई ढोगिदिन्छन्)

मैले बुझें, तिमी सानी मुमाको ईखले यहाँ
विष्णुको खोजमा डुल्दै आएका ह्यौ ;—कि होइन ?

ध्रुव—हो, यो हजूरले किन्तु कसरी जानिबक्सियो,
थियो पाल्नुभएको के आज मेरी मुमाकहाँ,
मर्जी भयो मुमाले यो सबै ?

नारद— बालक, होइन,
मिले त्यसै मिल्यो होला, मेरो अन्दाज मात्र हो।
जे भए तापनी नानी जस्तो हुनु थियो भयो,
अब मेरो कुरा मान ध्रुव, फर्क मुमाकहाँ;
छाडिदेऊ तिमी तातो रिस यो, बुद्धिमान् बन,
बिग्रन्छ रिसले आफू, अरू बिग्रन्छ बुद्धिले;

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

धैर्यधारी तिमी भित्ता बन, धक्का दिउँ भनी
जो थापी कुहिना आयो उसै को कुहिना गयो।

ध्रुव—हतियार लिई ढाल्यों कुहिनाले भने अनि
त्यो कालीगढ़लाई के यो भित्ताले नसंकनू ?

नारद—केटाकेटी, भयो यस्तो कुरा छाड हुने भयो,
कुनै वेला थिइन् तिम्री मुमा आज उनी भइन्;
सदैव घाम लाग्दैन, हुँदैन बदली सधैं,
गद्दी मिल्छ कुनै वेला, रद्दी हुन्छ कुनै दिन।
पाउनेछौ तिमी सारा राज्य तिम्रो बुवापछि,
जाऊ बस उहीं शान्त भई आफ्नी मुमासंग।
ठान सानी मुमालाई पनि आफ्नै मुमा भनी,
तिमीलाई पनी ठान्नि‌न् आफ्नै पुत्र अनी उनी।

ध्रुव—ठान्दिनन् ठान्नुपर्ने हो तापनी हे महामुनि !
मैले ठानेर के गर्नु खालि एकोहरो बनी ?

नारद—नठानून्, तैपनी हानि तिमीलाई भयो कुन ?
आफ्नो राह तिमी हिंड्नू, उनीकोमा उनी हिंड्न्।

ध्रुव—म के गरूँ उनी मेरो राहमा उभिइन्भने ?

नारद—जानू किनार लागेर।

ध्रुव— सबै वाटो थुनिन्भने ?

नारद—फर्कनू।

ध्रुव— हो, त्यसैले म फर्कें आज यतातिर
पृथ्वीको राह छोडेर स्वर्गको राहखातिर।

नारद—बच्चा छौ अझ, कच्चा छ उमेर, अहिल्यै तिमी
घच्चा सहन सक्तैनौ, के सच्चा राह पाउँछौ ?

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

हामी जस्ता बुढालाई पनि दुर्लभ जे कुरा
त्यो तिमी पाउँछौ आज ? असम्भव, असम्भव ।
तिमीलाई नदेखेर उठ्ता रानी सुनीतिको
हा ! के दशा भयो होला ! जाऊ, जाऊ फुल्याउन ।

ध्रुव—आँखा खोज्न म आएको हुँ नारायण देखिने,
थाहा हजूरलाई छ त्यो कहाँ छ ? दया गरी
मर्जी होस्, कि मुमालाई, फुल्याइदिन पाल्नुहोस्,
मलाई यसरी व्यर्थै अल्मल्याइनवक्सियोस् ।
आँखा अर्को म खोजेर नपाएमा कतै पनि
आफ्ना पनि दुवै आँखा उनैलाई चढाउँछु,
अनि अन्धो भई अन्धकारमा भित्र खोज्दछु,
त्यहाँ नपाइए फेरि प्राण भेट चढाउँछु,

नारद—श्री नारायण भेटेर एक दण्ड दिलाउँछौ
आफ्नी सानी मुमालाई, दोस्रो के गर्दछौ ? भन ।

ध्रुव—म विरक्त भएँ मैला देखी संसारको स्थिति,
कसैमाथि पनी छैन रिसराग कुनै अब,
खालि यो एउटा इच्छा-जिक्री केवल एक यो—
एकचोटि उही नारायणको पद चाहियो
गिरेको शिरको निंति, जो मलाई सरासर
पद यो लोकको भन्दा उच्च बक्सिन सक्तछ ।
आगो लाग्यो जतावाट उ निभ्दो छ घडी घडी,
त्यो आगो जसमा लाग्यो उ बल्दो छ पला पला ।
संकटैमा सुधा-धारा मुख यो रसिलो भयो,
स्वप्नले विपनालाई जित्यो, स्वाद मिल्यो उहीं;
अब यो दुनियाँबाट मेरो रसबसै गयो,
पवित्र स्वादमा पल्की जे पनी नमिठो भयो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

नारद—(ध्रुवको टाउको मुसारेर)

मलाई सब थाहा छ—कमलो पात सालको
शाखामा बस्न पाएन, चुँडिए तापनी उडी-
रहेछु माथि हावामा झरेन कहिल्यै तल
वृक्षको फेदमा आयु कुहिएर बिताउन।
अहिले यो पनि थाहा पाएँ हामी शरीरमा
दुइ छौं तापनी हामी दुवैको मन एक छ—
उही मार्ग, उही ठाउँ, उही वेग छ चित्तको,
उही देव, उही तृष्णा एक दर्शन मात्रको।
साथी ध्रुव, मिले कैयन् मलाई त सुदर्शन,
यो तृष्णा झन् बढ्दैछ—फेरि पाऊँ म दर्शन।
त्यो मूर्ति जब देख्नेछौ अनि पो स्वाद पाउँछौ,
पिउँछौ जति त्यो रूप तिर्खा बढ्दछ यो उति,
आफूलाई तिमी आफै बिर्सन्छौ, लोकको सुख
महारौरवको दुःख तुल्य संझन थाल्दछौ;
'नेति, नेति, यही नित्य भनी वेद पुकार्दछ
जसलाई उनैको हो मोहनी अवतार त्यो,
हेरीरहन चाहन्छौ दिनौं देखिरहे पनि,
देख्ता देख्तै पनी इच्छा देख्नाको झन् गर्दछौ,
आँखाको वर चाहन्छौ आँखाभन्दा पनी तिमी,
टाँस्सिए तापनी फेरि झन् टाँस्सिन खोज्दछौ,
जब आई तिमीभित्र परमेश्वर पस्दछन्
नछोडी राख्न चाहन्छौ भित्रको झन् भित्र नै,
फेरि बाहिर चाहन्छौ, अनि देख्छौ जतातै—
नारायण सबैमा छन्—छन् नारायणमा सबै।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

ध्रुव— (वसी नारदको घुँडा समातेर) ।
आँखा,आँखा यहाँ पाएँ, अब नाथ म पाउँछु ;
चिह्नाइबक्सियोस् बिन्ती गोरेटो हरिभक्तको ।

नारद—भक्ति हो भगवान् हाम्रो, प्रीति हो परमेश्वर,
वैकुण्ठ वासना नै हो, हो नारायण निर्णय ।
ध्यान देऊ, कुरा मेरो दशै इन्द्रियले सुन,
सत्य विश्वास भित्रै छ, विश्वास पहिले गर ।
सक्छौ, सक्छौ; तिमी सत्यको आत्मा जस्तै साना छौ, त्यस्तै योग्य पनि छौ, सक्तछौ ध्रुव, कोशिशमा दम पचाऊ । रूखमन्तिर रहेको करीब करीब सेपिलो एउटा ढुङ्गामाथि लामो आयु भएको आसन जमाऊ, कतै अडेस नलाग । यसरी बस (ध्रुवलाई आफू बसेको देखाएर बसाउँछन्) । आफैमा साह्रोको उपमा पाएको ढुङ्गाले चाँडै नै तिम्रो मासुलाई मृत जस्तै लाटो बनाइदिन्छ, अनि तिमीलाई यो संङ्कन मदद मिल्दछ— मेरो आधार कुनै छैन । (दुवै उठ्तछन्) जङ्गली पशुहरू देखेर भयलाई नब्युँझाऊ, नमार, उनीहरूलाई नजिस्क्याऊ , केही गर्दैनन् ; टुपी ठाडो गरेर बल्ने आगोलाई नछोए कसरी त्यो तिमीलाई आफ्नो गुण देखाउँछ ? सक्छौ ध्रुव, मुख्य यी दुइ कुरा समाऊ ; आफूलाई फीका फीका गरेर बदलीभित्र बिर्सदै जाऊ, भगवानलाई गाढा गाढा गरेर घामबाहिर संङ्कदै जाऊ । जबसम्म शरीर शिक्षा माग्दछ, अथवा जबसम्म आफूलाई बिर्सन सक्तैनौ खाऊ, पिऊ, सुत, बडो बिस्तारै थकाइ जस्तो लामो सास फेर, जब सक्छौ तिमीलाई केही पनि गनुपर्दैन । आँखा उघारेर पनि केही नदेख्न सक्ने होऊ, तर

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

हेराइ जगेड़ा राख। नथुने तापनि कानले बाहिरको खलबल नसुन्न सक। आँखा चिम्लिदा एउटा ज्योति देखिन्छ, त्यसबाट दीपको, मुटुबाट घण्टाको काम बदलेर आरति गर। आँखीभौं जोर्नीका अथवा नाकको डँडालीको ठीक माथि छालाभित्र अन्धकारमा भगवान् देखापर्नेछन्, उनैलाई पर्खिरहू। आफूलाई बिर्स, बिर्स, अरू अपरिचितलाई जस्तै बिर्स; भगवान्-लाई अरू पहिले नै चिने जस्तै संझ; अनि वैकुण्ठ नारायण तिम्रो अगाडि उदाउँछन्। त्यो दिव्य प्रकाशले तिम्रो पट्टल नखुलाइछोड्दैन, खुलाएपछि तिम्रो आँखा नतिरमिन्याइ छोड्दैन, ज्योति-पवित्र ज्योति-त्यही एक मात्र हो, उही फुटेर छरिंदा पो यतिका ब्रह्माण्ड बने। तिमी दर्शन पाउँछौ, अवश्य पाउँछौ, यो मन्त्र जप।

(ध्रुवको कानमा मन्त्र भरिदिन्छन्)

बाल यो मन्त्रले बत्ती जो पाई सूर्य्य, चन्द्रमा,
अनन्त तारका हिंड्छन् सीधा रस्ता निरन्तर।
तम संसारको बाटो बत्ती त्यो हातमा लिई
हिंडे ठक्कर खाँदैनौ कहिल्यै भूलले तिमी।
फेरि गाह्रो पनी छैन,—वायुले अग्नि बल्दछ,
यो जगद्धरको वायु तिमीमा घुस्न सक्तछ।
जसको मनमा काला पापका लाख दाग छन्
चाह्योभने उसैले ती दाग सारा हटाउन
भक्तिले, जो जगन्नाथ उसैमाथि पनी दया
गर्छन्, अरू तिमीलाई नदिउन् किन दर्शन,
जानने जसले पाप जसको पालुवा दिल
परमेश्वरकै खूद पाउ जस्तै पवित्र छ !

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

ध्रुव—पाएँ आँखा, थिएँ प्यासो, देखें जल, बढ्यो अङ्ग
तिर्खा, बाँकी छ यो खालि ओठमा जल जोडिनु ।

नारद—जोडियो ओठमा जान जब मन्त्र पनी सुन्यौ,
दृढ विश्वास राखेर श्वासले थुत्नु बाँकि छ ।

ध्रुव—जब मर्जी भयो फेरि-"तिमी दर्शन पाउँछौ"
मैले पाइसकें नाथ, बाँकी छैन कुनै पनि ।
गयो रहरको नाम. मनको जपना पुग्यो,
बुवाको काखमा नित्य बसोस् उत्तम नै अब !

नारद—बाबु आमा सबै नाता घरमा रहँदा थिए.
जब जङ्गलमा आयौ नाता संसारको टुट्यो,
तिम्रो समङ्गको दौड गयो अर्कै दिशातिर;
संङ्ग यो जन्मको बाबु को थियो पूर्वजन्ममा,
कति जन्म लियौ, तिम्रा बाबु आमा भए कति,
नासिने कुनचाहीं हो, एकनास रह्यो कुन ?
सबैमाथि दया गर्ने सबका सब जन्मका
आत्माका एउटै बाबु ती नारायण मात्र हुन् ।
लोक दिन्छ उनैलाई दोष दुःख दिए भनी,
जानेदेखि कसैलाई दुःख छैन, सबै तर
थोरै धन हराएमा पनि दुःख मनाउँछन्,
मर्दा जो धन जाँदैन साथ लागी कसैसँग ।
सबै रोगी भयौं भन्छन्, सक्तैनन् चल्न चालमा,
छोडी प्रकृतिको बाटो बाङ्गो बाटो समाउँछन्;
आयु छोटो भयो भन्छन्, पिउँछन् पापको रस;
डाक्तै नन् भगवान्लाई नआएमा रिसाउँछन् ।
तैपनी त दयासिन्धु आफ्ना बालक पुत्रको
विलाप सुन्न सक्तैनन्,- यहीं भित्र सुनाउँछन्-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

'म तेरो छु, म तेरो छु, मेरो पुत्र, नरो, नरो,
आ तँलाई सधैं मेरो काखमा म बसाउँछु ;
त्यहाँ माता, पिता, भ्राता, पुत्र, मित्र, कलत्र छन्,
ती कोही होइनन् तेरा तेरो एक म मात्र हुँ !
ती छाया सपनाका हुन्, नतर्सी, नडरा, नरो
छायालाई नगर् माया; तेरो जो हो म मात्र हुँ !'
यताबाट मरी जाँदा यसो भन्ने पिताकहाँ
मूर्ख मर्त्य सबै रुन्छन्, धिक्कार ! यदि एउटा
उनको काखमा बस्न हाँसी हाँसी गयो भने
पिता कति खुशी होलान् ! सौतिनी जननी पनि
कुनै छैनन् रिसाएर काखबाट गिराउने
जहाँ, किनभने लोकमाता हुन् इन्दिरा पनि ।

ध्रुव—यो मेरो भाग्य हो खालि मिल्नु दर्शन नाथको-
मेरो शकुनको, हिड्ने शक्ति चक्षु सुमार्गको ।

नारद—जाऊ बालक चाँडै नै रिझाउन सके हरि !
तिमीदेखि पनी फेरि चाँडै नै रिझ्छिउन् हरि !

(नारद एकातिरबाट ध्रुव अर्कोतिरबाट निस्कन्छन्)

दृश्य ४—राजभवनबाहिरको सडक ।

दमन र नन्दनको प्रवेश र भेट ।

नन्दन—उहाँ पुग्नुभयो ?

दमन—अनि यहाँ आइपुगें, नन्दन जे होस्, हामीले चितायौं,
त्यो परमेश्वरले सुने ।

नन्दन—सुने ? कसरी उनको पनि कान छ र ?

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

दमन—चाहिंदो पुकारको निंति छ, उनी आँखाले सन्न कानले हेर्न सक्तछन् जब चाहन्छन्। ओहो; महारानीको दशा त्यो नाउको जस्तो छ जो गम्भीर समुद्रको पिंधमा सिपी वा शङ्ख खोज्न आउने माझीलाई कुहिरहन्छ, जसलाई सतहको तूफानले केही गर्दैन तापनि भित्री भुमरीले पछार्दछ, ग्राहले लत्याउँछ।

नन्दन—दयनीय दशा !

दमन – मैले उहीं नारद मुनिको दर्शन पाएँ।

नन्दन—आहा ! खुशी ! वैद्य आउँछ जब रोग आइसक्तछ।

दमन—युवराजलाई मुनिले मन्त्रदान दिनुभएछ, हामीले यो वचन पायौं—ध्रुवलाई नारायणको दर्शन मिल्नेछ।

नन्दन—सत्य हो ?

दमन—परमेश्वरको अस्तित्व जस्तै सत्य हो।

नन्दन—मेरो भगवान् ! औषध आउँछ जब वैद्य आइसक्तछ।

दमन—नन्दन, तैपनि महारानीको पूरा होश छैन, ओछ्यान-माथि अस्तरसमान होइबक्सिन्छ, दुवै कञ्चटलाई नसाले भित्र खिचेको स्पष्ट देखिन्छ, आँखीभौंको जोर्नीमा रात परेको छ, आधा चिम्लेका दुई नजर दुई मलिन चन्द्रतुल्य छन् ; छातीमा कफ बजेको सफासंग सुनिन्छ, ओठबाट बीच बीचमा उकार हावा फुस्कि-रहन्छ, शब्द सुनिदैन तापनि आकारले बुझ्छ, यो यही हो—'ध्रुव, ध्रुव'।

नन्दन—महाराजले अहिले यो थाहा पाइबक्सियो भने के गरि-बक्सिएला ?

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

दमन—मलाई लाग्दछ, जेठी महारानीलाई बोलाइबक्सनुचाहिं बरु महाराज मृत्युलाई डाकिबक्सनु सजिलो संझि-बक्सिनेछ ।

नन्दन—म बुझ्न सक्तिनँ किन पतिहरू अक्सर कुटिल स्त्रीको वशमा पर्दछन् ? जो घुर्की लाउँछे, हप्काउँछे, त्यसको पति डर मान्दछ; जो सती रुन्छे, डराउँछे, झन् त्यसकै पति उसको कमलो कलेजासँग नङ्छुरी खेल्दछ ।

दमन—यही हो—तिमी घोच्ने झारबाट कदम हटाई नुहेको माथि राख्तछौ, अझ ज्यादा नरम पायौ भने त्यसै माथि केही बेर बसी आरामी लिन्छौ । यही रीति छ,—बलवान्को निर्धोमाथि, बुद्धिमान्को मूर्खमाथि रजाइँ हुन्छ ।

नन्दन—जगदीश्वर जगत्माथि छन्, अवश्य ध्रुवको सुदिन मोडिएर फिर्दछ ।

दमन—फिर्ला जस्तो छ, तर के हुन्छ; भाई हामी जन्म्यौं, बाँचिसकेका छैनौं ।

तृतीय अङ्क ।

दृश्य १—घना जङ्गल ।

ध्रुव एउटा रूखमनि ढुङ्गामाथि तपस्यामा ।

नेपथ्यमा धारावाट ढुङ्गामा पानी खसेको, तर बीच बीचमा टुटेको शब्द आधा काष्ठासम्म आएर आखिरमा नटुटी एकनास आएको शब्द टाढा गुडिदै गएको रथाङ्ग-नाद जस्तै मधुरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

हुँदै गई नसुनिने हुन्छ। यसरी त्यो बन्द हुनासाथ खोला कराएको, त्यस्तै केही पछि समुद्र उर्लेको मन्द स्वर आउँछ, टाढा हिम जस्तो बिलाएर जान्छ। नाच गाना बजानको एकताल निषाद, ऋषभ, गान्धार, इत्यादि पञ्चमसम्म बढ्दै आई एक छिनसम्म रङ्गिइरहेर पछिबाट विचित्र ठूलो स्वरमा घण्टाको बाजा एक काष्ठासम्म बजिरहन्छ, त्यो सुस्त हुँदै थामिएपछि आगो पड्कँदै बलेको आवाज रुमलिँदै आएर हराउँछ; केही बेरसम्म जोडसँग आँधो चलेको मात्र सुनिन्छ, यसपछि पातको मर्मरसँग मधुर सानो वेदध्वनि सुनिन्छ, पछि त्यो ध्वनि ठूलो हुँदा हुँदा कोलाहल भएर अविस्पष्ट हुन्छ र बिलाएर जाँदा नजाँदै क्वण, या निक्वण, वा प्रक्वण यद्वा उपक्वण, अथवा वीणाको झन्कार सुनिन्छ।

नारद—(नेपथ्यमा) पितामहका पिता,— (ठूलो खलबल)

वैकुण्ठका वैकुण्ठ, ईश्वरका परमेश्वर, श्रीपति, सूर्य्यका बत्ती, गणेशका विघ्नविनाशक,—

(वीणाको क्वण र ठूलो खलबल)

बृहस्पतिका गुरु, सरस्वतीका ज्ञान— (त्यस्तै खलबल)

इन्द्रका राजा, यमका काल, वरुणका जलनिधि, कुवेरका साहू,— (त्यस्तै खलबल)

अग्निका दहन, जलका जीवन, वायुका रथ, पृथ्वीका आधार, आकाशका अनन्त— (त्यस्तै खलबल)

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

चन्द्रमाका मोहनी मूर्ति, नक्षत्रका लगाम, अश्विनी-कुमारका वैद्य नरका नारायण, —

(घेरै जनाको ठूलो घोषणसाथसाथै घण्टा शङ्ख वज्दछन्)

औत्तानपादि प्रभुको परम भक्त हो प्रभुबाट मैले थाहा पाएँ, विश्वंभर ! विश्वंभर !

(फेरि वीणाको क्वण र घण्टा शङ्ख)

नारायण—(नेपथ्यमा) ध्रुव–?

(मेघगर्जित र पक्षिवासिता क्रन्दले सुनिन्छन्)

नारद—(नेपथ्यमा) विश्वम्भर ! विश्वम्भर ! विश्वम्भर ! त्यो नरबालकको मन तल सुरलोक-हरि-मन्दिरको गजूर जस्तै यता फर्केको प्रभुबाट मैले देखें।

(घेरै घण्टाका आवाज)

नारायण—(नेपथ्यमा) गरुड—?

(मेघगर्जित, वज्रनिर्घोष, धारासंपातको आवाज)

मेपथ्यबाट शब्द आउन बन्द हुन्छ । ध्रुवका आँखामा उज्यालो टक पर्दछ, उनीले आँखा उघार्नेबित्तिकै ठूलो आवाज-सँग नारायण प्रकट हुन्छन् । ध्रुव चिच्याउँदै रोएर पाउ पर्दछन् ।

नारायण—(ढीलासँग)

उठेस् मानव ! तँ बढता तेज लिएस् ! अनि यो माटो-माथि मनुष्यनायक बनेस् ! तब तेरो काय धुल्लिने तिथि आउँछ । यहाँपछि त्यो तारामा—(त्यो तारा जसलाई हामी ध्रुवतारा भन्दछौं, देखिन्छ)

सधैं सधैं रहेस् ! तँ, जस्तै त्यो तारा, त्यो तारा जस्तै तँ, जोडी नै अचल । पछि त्यहाँ रहेस्, अहिले घर गएस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

मनुज—! (मेघको गर्जनासाथसाथै नारायण र तारा विलाउँछन्)

ध्रुव—आरोग्यको सपनाभन्दा प्रसन्न विपना ! त्यस्तै क्षणिक ! के मलाई नटिपी गयौ ?

नारायण—(पृथ्वीभित्रबाट)

ध्रुव, तेरो देवता नित्य तेरो वरिपरि छ ।

(आकाशभित्रबाट)

ध्रुव, केही दिन अझ नुहाए तँ म भइस् ! निद्राबाट ब्यूँझी विपनाबाट ब्यूँझी ! चैतन्यबाट ब्यूँझी ! ब्यूँझी !

ध्रुव—अन्धकार भयो आँखा प्रभाले कोटी सूर्य्यको,
जता हेऱ्यो उतै कालो टाटो संसारमा पऱ्यो ।
नारायण, मलाई यो धूलोमा अझ फ्याँक्छौ ?
मैले पनि छु जानेको फुका बन्दछु भिज्दिन,
टाँसिएला धुलो मेरो अङ्गमा कसरी ? गएँ ।
ओहो ! यो पृथिवी अर्कै अथवा म अरू भएँ ?

(निस्कन्छन्)

दृश्य २—राजभवन । बैठक ।

दमन र नन्दनको प्रवेश ।

दमन—अनुमान गर कत्रो घनवन, कति साना बालक ! जब हामी त्यत्रै थियौं, घरको अँध्यारो कुनामा आमाले डोऱ्याएर लैजाँदा पनि सातो बिदा हुन्थ्यो । 'जब हामी त्यत्रै थियौं' किन कोही सक्दैन ? पुत्र सास फेर्दै छ, अथवा असजिलोसँग फेर्दछ, अथवा फेर्दैन, किन यो पुछनी छैन ? यो अति हो, जता जाऊ ज्यादा टाढा पुगेपछि ठकर सहज छ ।

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

नन्दन—देवबाट यही ठानिएको होला, कुमारलाई ईश्वरले हात थाप्नेछन् ।

दमन—को भन्न सक्तछ ? सृष्टि गर्ने उही हो, स्थिति बाँध्ने उही हो, प्रलय मच्चाउने उही हो । के हाम्रा चार शिर छन् ? तीन आँखा छन् ? के देवता नै ह्वौं ? जो हो, उ जे मन लाग्दछ, उही उही गर्दछ; मानिसले जे गर्नुपर्दछ उही गर्नुपर्दछ ।

नन्दन—कहिले यो वर्षा बित्ला र खोला सोझो जाला ।

(नेपथ्यमा वीणाको झन्कार)

दमन—मुनि, मुनि, बिन्ती गर । (नन्दन निस्कन्छन्)

नारदको प्रवेश ।

दमन ढोग दिन्छन् ।

नारद—राजा कहाँ ?

दमन—नन्दन बिन्ती गर्न गइसके, फेरि जुनसुकै आज्ञाको निम्ति पनि यो दास खडा छ ।

नारद—दमन, तिम्रो कल्याण तिमीभन्दा जेठो होस् !

उत्तानपाद आई नारदलाई ढोग दिन्छन्

अर्घ दिन्छन् ।

स्वस्ति ! स्वस्ति !

चामरादि लिएका कर्म्मचारीहरूसँग

नन्दनको फेरि प्रवेश ।

उत्तानपाद नारदलाई सिंहासनमा बसाएर आफू

बायाँतिर बस्तछन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

नारद--भट्टारक, कुशल छ ?

उत्तानपाद--प्रभुको आशीर्वादले ।

नारद-- हजूरको कुशल मेरो हो । उसो भए हजूरलाई सबै तरह-बाट कुशल छ ?

उत्तानपाद— प्रभुको कृपाले ।

नारद-- महाराज, ध्रुवको के हाल छ, हजुरलाई पत्ता छ ? ध्रुवलाई कुशल छ ? कुमारको क्षेमकुशल मेरो हो ।

उत्तानपाद—अफसोस ! बिचरा जङ्गलमा बिलाइरहेछ ।

नारद—ए ! हिमको दुक्रा जस्तो ! काँप्नेहरू खुशी होलान् जब हिम बिलाइसक्तछ ।

उत्तानपाद--मुनि, म बौलाहा हुन लागेको छु, किंकर्तव्य-विमूढ छु, ।

नारद--कर्तव्यको पनी खम्भा ढल्न लाग्यो हुँदा हुँदा ?
दिवाकर बने आज निशाचर हुँदा हुँदा ?
कर्तव्य दुनियालाई देखायो जसले सब,
उसकै पुत्रको बोली —'किंकर्तव्यविमूढ छु' !
मनुष्य मात्रले आज्ञा मनुको पाल्नुपर्दछ,
मनुकै पुत्रको फेरी के कुरा म गरूँ अझ !
परमेश्वरको आज्ञा पिताकै हो—यही न हो—
'अस्वातन्त्राः स्त्रियः कार्य्या पुरुषैः स्वैर्दिवानिशम् ।'
फेरी कर्तव्य के भन्नु अनौठा हो यही न हो--
'विषयेषु च सज्जन्त्यः संस्थाप्या आत्मनोवशे ।'

उत्तानपाद—अहो, देवर्षि !

नारद--मनुष्यका इन्द्र, राजा !
"हामी त नाथ पो भन्थ्यौं, आज नोकर पो बने

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

चुत्था इन्द्रियको," यस्तो मैलाले मन छाउँदै
भनेको टेर्न छोड्नेछन् सुस्त सुस्त यिनै प्रजा,—
'जितेन्द्रियो हि सक्नोति वशे स्थापयितुं प्रजा'
पृथ्वीका सब राजाले मनुको यो कुरा पनि
सदैव ध्यान राखेर गायत्रीसंग संझनू,
'दशकामसमुत्थानि तथाष्टौ क्रोधजानि च ।
व्यसनानि दुरन्तानि प्रयत्नेन विवर्जयेत् ॥
कामजेषु प्रसक्तो हि व्यसनेषु महीपति ।
वियुज्यतेर्थ धर्माभ्यां क्रोधजेष्वात्मनैवतु ॥
मृगयाऽक्षोदिवास्वप्नः परिवादः स्त्रियो मदः ।
तौर्यत्रिकं वृथाट्या च कामजो दशको गणः ॥
पैशून्यं साहसं द्रोह ईर्ष्याऽसूयार्थ दूषणम्
वाग्दण्डजं च पारुष्यं क्रोधजोऽपि गणोऽष्टकः ॥'
पारुष्य, त्यो पनी फेरि पुत्रमाथि कहाँ पुग्यो !
जडमाथि पनि राम्रो देखिदैन कठोरताः—
कुनै आसनमा बस्ता दयाले बस्नुपर्दछ,
अन्नमाथि पनी दाँत दयाले घस्नुपर्दछ ।
उही कठोरता आज पुत्रमाथि ! फुटाउनु-
पर्दथ्यो यदि त्यो छाती पत्थरैको भए पनि ।
यज्ञ दान महाराज, बरु छोडिदिनोस् सबै,
छाया दिनोस् छहारीमा बस्नेलाई दया गरी :
'भृत्यानामुपरोधेन यत्करोत्यौर्ध्वदेहिकम् ।
तद्भवत्यसुखोदर्कं जीवतश्च मृतस्य च ॥"

उत्तानपाद—महामुनि, बिराएँ यो निद्रामा, माफ बक्सियोस् !
जे हो उचित गर्नेछ अबदेखिन् ।

नारद— महानृप,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

पुत्रले हो पितालाई देवता मान्नुपर्दछ,
पुत्रलाई पिताजीले आफू नै ठान्नुपर्दछ;
नमानेमा नठानेमा दुवैमा दोष लाग्दछ,—
दुइटै हात चाहिन्छ करताली बजाउन ।
सह्यार जो पिता गर्छ आफ्नो बालक पुत्रको
आफू वृद्ध हुँदा लिन्छ पुत्रबाट सह्यार त्यो;
पहिले राल पुछ्नाले पिताको पहिला हक;
पछि त्यो राल पुछ्नाले पछिल्लो पुत्रको हक,
पिताले पुत्रको मार्ग पृथ्वीमा साफ पार्दछ,
राजा, हो पुत्र जुत्ता जो स्वर्ग-मार्ग सजाउँछ !

उत्तानपाद—अवश्य पुत्र पुत्रै हो, मैले भूल गरें प्रभु,—

नारद— देखे शत्रु पनि पुत्र, नदेखे पुत्र शत्रु हो;—
भुल्काको नेत्रले हेरे पुत्र हो गात्रको मल,
चीलको चञ्चुले हेरे देहको तेज आत्मज,
अरू जीवनको सार,—पुत्रकै निम्ति जन्म छ,
आयुको स्थितिको निम्ति मात्र पो बल बुद्धि छन् ।
जब आफ्ना सबै चीज देहका जत्ति मर्दछन्
एउटा देहको टुक्राबाट पुत्र पलाउँछ
आफू जस्तै, त्यसैले त्यो नित्य जीवित राख्तछ
प्यारो नाम; उही वेला आत्माचाहिं फुका भई
मिल्छ त्यो परमात्मामा जसबाट फुटी अघि
आएको हो कि त्यो अर्कै तनुमा पशुपक्षीको
घुस्न पुग्दछ; यो प्यारो—प्यारो नाम सधैंभरि
चल्छ धारा बगेसम्म लोकमा पुत्र पौत्रकै ।

उत्तानपाद—भूलको बदला दिन्छु ध्रुवलाई म राज्य यो,

नारद—यो राज्य उसलाई के साम्राज्य जसले लियो !

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

उत्तानपाद—साम्राज्य ?

नारद— इन्द्रको भन्दा पनि धेरै गुना ठुलो ।
यहाँ हजूरको काख छोडी जङ्गलमा गई
रिझाए भगवान्लाई ध्रुवले, विष्णुले पनि
बक्सियो ध्रुवजीलाई साम्राज्य ध्रुवलोकको ।

उत्तानपाद—(दिक्क मानेर) मेरो पुत्र गयो जन्मभरको निम्ति के, मुनि ?
अब आशा कुनै छैन प्यारो ध्रुव उदाउने ?

नारद—चाहे ध्रुव बनून् ईश, महेश, जगदीश नै,
तर आखिरमा पुत्र राजा उत्तानपादको;
त्यसैले ध्रुवको कीर्ति, स्तुति इज्जतसाथको
जति चल्छ यहाँ राजा, राजा उत्तानपादको !
त्यसैले यसको माने उस्तो लाग्दैन, के भयो
भेट होस् वा नहोस् पुत्रसाथ उत्तानपादको !
तैपनी विष्णुको आज्ञा मानेर ध्रुव आउलान्,
एक बार सबैलाई नयाँ सुख दिलाउलान् ।
जे भयो सब बिर्सेर अब सल्काउनोस् दया,
लिन जानोस् उहीं आज पुत्रलाई ! कुनै व्यथा
यस्तो यो भवमा छैन जसको छैन औषध,
यस्तो पाप पनी छैन प्रायश्चित्तविना कुनै ।

उत्तानपाद—(एक छिनपछि) हा !

दमन— के भयो, महाराज ?

उत्तानपाद—(झस्केर) ओहो ! अझ पनी उही
गुँजीरहेछ मेरो यो कानमा ऋषिको कुरा ।
आदर्श मुनिमा मेरो अनुहार सफासँग

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मैले देखें, थियो सच्चा भरोसा जुन रूपको,
उहिले धोइबक्सिन्थ्यो जुनलाई बुवा मुमा
बेदाग चम्किलो पार्न, कालको परिवर्तन
कस्तो आश्चर्यको ! आज चाँदीतुल्य सफेद यो
उही सुरूपमा काला काला धब्बा भराभर
मैले देखें। मरी माथि स्वर्गमा जब जाउँला
काख नै बक्सिनेछैन मलाई नचिह्नी बुवा।
प्रधान !—

दमन—(घुँडा टेकेर) प्रभुमा बिन्ती गरेकै हुँ, म के गरूँ!
हाम्रो केवल हो धर्म—बिन्ती, इच्छा नरेशको।

उत्तानपाद—नमीठो हितको बोक्रा सब छोडाइयो अब;
राग भाग्यो; तिमी मेरो मीठो दमन नै रह्यौ।
जाऊ दमन, ढोकामा तयारी रथको गर;
शून्यले अब चर्कन्छ मेरो ध्रुवविना घर।

(राजा भित्र पस्तछन्, अरू बाहिर निस्कन्छन्)

दृश्य ३—यमुनाको किनार, वनको मुख।

दमन, कर्म्मचारीहरू, पुरवासीहरूको प्रवेश।

दमन—तिमीहरूमा कसको आँखा तीखो छ ?

तीनजना कर्म्मचारी—हो, एक दिन हामी पाँच सात जना शिकारमा गएका थियौं, एक जनाले सोध्यो, "त्यो पर देखिएको रूखको हाँगा हो ?" अरूले खूब निहारेर भने, "त्यो जरायोको सीङ हो, हावा छैन तैपनि चल्दछ।"

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मैले भनें,—"त्यो मनुष्यको हात हो, दुई शङ्ख, तीन चक्र स्पष्टसँग देखिन्छन्।" आखिरमा जितले मलाई नै आवाज दियो।

दोस्रा कर्म्मचारी—अर्को एक दिन धेरै जना र म एउटा गिद्धले मुर्दाको मासु लुछेको हेरिरहेका थियौं, एउटाले सोध्यो, 'यत्रो आकाशमा अर्को गिद्ध छैन ?" सबले भने, "आकाशको मुखमा कतै कोठी पनि देखिदैन।" मैले भनें—"त्यतावाट दुई गिद्ध आइरहेछन्, एउटाको बायाँ आँखामा फुलोसमेत परेको रहेछ !" धेरै धेरै बेरपछि सबले मलाई करैसंग यसो भने,—"कस्तो तीखो आँखा !"

तेस्रा कर्म्मचारी—यिनीहरूको भन्दा मेरो आँखा झन् तीखो छ।

दमन—कसरी ? बोल।

तेस्रा कर्म्मचारी—(देखाएर) राजकुमार ध्रुव, केही पछाड़ि महारानी सुनीति, मन्त्री नन्दन। हजूरले यसैको निम्ति आँखाको तीखोपन सोधिबक्सिएको हुनुपर्दछ। फेरि उता महाराजको रथ।

दमन—हो, तिम्रो आँखा पनि बुद्धि पनि तिखारिएको रहेछ। म महाराजसंग बिन्ती चढाइदिउँला।

तेस्रा कर्म्मचारी—जो निगाह।

दमन—(मनमा) महारानी पनि !

उत्तानपाद, सुरुचि, उत्तम, कंका तोपाको प्रवेश।

सुरुचि—कसले हजूरलाई अर्कै बनाइदियो ?

उत्तानपाद—किन फेरि यसो भन्छ्यौ ? म उही हुँ, उस्तै छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

सुरुचि—कहिले हुन्थ्यो,रङ्ग फीका छ, रूप गाढा छ !
(उत्तमको कुममा हात राखेर) मेरो छोराको नामको अगाडि उही अक्षर छ जुन उसको बाबुको नामको अगाडि, ध्रुवभन्दा उत्तम हुनाले यसको नाम उत्तम रह्यो; के यसलाई कोही अधम बनाउन सक्तछ ! हो ध्रुवले नारायण भेट्यो, भेट्यो होला ! फेरि त्यसलाई गृहस्थाश्रममा किन उल्टाउने ? योगीको निम्ति बनै असल छ ।

उत्तानपाद—तैपनि एकचोटि भेट मात्र ।

सुरुचि—हजूरलाई भेट्न दिन्छु मात्र ।

उत्तानपाद—बिचरा साधु बालक त्यसले तिमीलाई के गर्दछ ? त्यो तिम्रो केही खोस्तैन ।

सुरुचि—म त्यसलाई—मेरो पतिको पुत्र जो मेरो होइन—देख्नी सहन्नँ । पतिमा प्रेम र सौतामा घृणा साथसाथै हुर्कन्छ, यो हामीलाई थाहा हुन्छ : जो अमिली चाख्तछ उही उसको स्वाद थाहा पाउँछ ।

उत्तानपाद—तिमी मनको सतहमा धर्म लिप ।

सुरुचि—के धर्म प्रकृतिविरुद्ध छ ? या प्रकृतिको निम्ति छ ? महाराज, मैले धर्मलाई राम्रोसँग चिह्नेकी छु, त्यो आगोलाई चिसो ठान्न लाउँदैन हिमलाई तातो संझन लाउँदैन । धर्म स्वयंप्रकाश छ, कसैले खुलाउनु-पर्दैन, कसैले ढाकेर ढाकिदैन । मनले जुन राह देखाउँछ त्यही धर्मको मूलबाटो हो;—मन कसैलाई दया गर भन्दछ भने त्यसो गर्नु धर्म्म हो, मन कुनै कुराको हिंसा गर्नु उचित ठान्दछ भने त्यसै गर्नु धर्म्म हो,

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अन्तस्करण अथवा आखिरी मन-विरुद्ध चल्ने महा-पाप हो।

उत्तानपाद—रानी, मनलाई जित्नैपर्दछ: मन बालक जस्तो मूर्ख छ, कहिले खेल्दछ, कहिले रुन्छ कहिले दौड्दछ, कहिले बदमाशी गर्छ; त्यसैले बुद्धिमान्ले बताए-बमोजिम त्यसलाई बलात्कार चलाउनै पर्दछ।

सुरुचि—ओहो! मनलाई को जित्न सक्तछ? मनलाई केवल मन जित्न सक्तछ, अरू को? मन मूर्खभन्दा अतिशय मूर्ख छ तापनि बुद्धिमान्भन्दा धेरै नै बुद्धिमान् छ। परमेश्वरलाई पनि मनले जितेको छ, नत्र यस्तो अनौठो जथाभावी दुनियाँ बन्दैनथ्यो, यहाँ हत्या हुँदैनथ्यो, खराबी हुँदैनथ्यो। महाराज, यो ब्रह्माण्ड परमेश्वरको मन हो जसले परमेश्वरलाई पनि जितेको छ; उही मनलाई जित्ने को? हजूर? हा, हा, हा!

उत्तानपाद—मनलाई बुद्धिले जित्न सक्तछ।

सुरुचि—बुद्धि मनको कान्छो छोरो हो यदि मनलाई कसैको वास्ता नरहे यो बुद्धिअनुसार चल्दथ्यो।

उत्तानपाद—महारानी, तिम्रो धर्म्म बेग्लै छ, यो राम्रो कुरा होइन।

सुरुचि—म अपठिता छु, अपठित जति सबैको धर्म्म बेग्लै बेग्लै हुन्छ; जो पढ्दछन् उनीहरू आफ्नो धर्म छोडेर किताबको धर्म्म लिन्छन्: वेद ब्रह्माको मन हो, स्मृति हाम्रो ससुराको मन हो, सब ग्रन्थ उनै उनै ग्रन्थकारका मन हुन्; सबको मन एकै हुन्छ भने अनि धर्म्म पनि सबको साझा हो।

उत्तानपाद—(रानीको हात समातेर)

मैले तिम्रो कुनै कुरालाई आजसम्म भूमिमा पर्न दिएको छैन जस्तो लाग्दछ, मेरो प्रीतिको ढुकुटीको साँचो नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

तिम्रो हरेक हाँसोमा कुण्डिरहेको छ; त्यसैले ध्रुवलाई उसकी आमासँग म घरको एउटा कुनामा राख्तछु, अथवा उनीहरूलाई प्रीतिको थोरै खर्च दिन्छु, तिमी हाँसिदेऊ।

सुरुचि—ल्याइवक्सियोस्! मेरो शरीर मेरो अधीनमा छ, त्यसैले हजूरको पनिः खुट्टा जब म हिंड्न खोज्दछु, चल्दछ; हात जब म काम गर्न खोज्दछु, गर्दछ; मुख जब म बोल्न खोज्दछु, बोल्दछ; तर मन मेरो अधीनमा छैन, यसलाई म हँसाउन सक्तिनँ जब यो रुन चाहन्छ।

उत्तानपाद—महारानी!

सुरुचि—(हात उठाएर) मन भन्दछः—"हात, उठ्! ध्रुव आउनेबित्तिकै त्यसलाई गर्धनी दे!"

कर्मचारीहरू—कुमार ध्रुव! कुमार ध्रुव!

ध्रुवको प्रवेश

सुरुचि र ध्रुवको केही वेर मुखामुख हुन्छ।

सुरुचि—(मनमा) देवसायुज्य! मेरो आँखाभित्र यो के घुसिरहेछ जो बहादुर मनलाई लागू खुवाउँछ? (प्रकाश) उही ध्रुव! किन यस्तो पवित्र देखिन्छ?

ध्रुव—उही होइन, त्यो ध्रुव जो हजूरको पनि पुत्र हो।

सुरुचि—उसो भए गर्धनीको निंति अर्धचन्द्र भएको यही हात पूर्णचन्द्र भएर तिमीलाई स्नेहपूर्वक छातीमा टाँस्तछ।

(सुरुचि ध्रुवलाई आलिङ्गन गर्दछिन्)

दमन र कर्म्मचारीहरू—देवीको जय होस्!

(ध्रुव रानीलाई र राजालाई ढोग दिन्छन्)

उत्तानपाद—(ध्रुवलाई उठाई चुम्बन गरेर)

तेरो शिरको निंति मेरो चरण, यो लायक छैन, त्यसैले यसलाई लाजले डाम्यो जब छोइयो।

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

दमन—कश्यपले पनि विष्णुलाई जी गराए; यो त कुमारको अपमान मात्र हो।

ध्रुव—शीतल दमन, त्यसो भन्नु हाम्रो भूल हो, ठूलाबाट सानाको अपमान नै मान होः 'तँ' मान हो, 'हजूर' अपमान हो; चरण बक्सियो, मैले पाएँ; अरु मेरो शिरलाई 'लायक छैन' भन्ने भयो, त्यही क्षन् मेरो महामान हो।

उत्तानपाद—(दमनसँग) अब तिमी के भन्छौ ?

दमन—अभिमान गरिबक्सियोस् ,—यो रत्न सरकारको !

उत्तानपाद—म धनी भएँ।

दमन—पृथ्वी सरकारको ! स्वर्ग सरकारको !

उत्तानपाद—मेरो छाती फुलेको तिमी देख्तैनौ ?

दमन—अवश्य अघिको भन्दा विशाल देखें।

उत्तानपाद—भित्रबाट महासागर बढेर आइरहेछ, मनको गुम्बज सहस्र गुना बढिसक्यो, आँखा आकाशको हदभन्दा पर पुगिसक्यो, यो जगन्नियन्ताको हाँसो खुस्केको समय हो, मेरो हर्षाश्रु हो। (रुन्छन्)

ध्रुव—(उत्तमलाई अँगालो हालेर) भाइ, वनको हरियोले मेरो दृष्टि यस्तो चतुर छ कि धेरै टाढाबाट मैले तिमीलाई चिनें। मलाई बिर्स्यौ ?

उत्तम—मैले हजूरलाई आफूसँगै सधैं खेलाइरहेको थिएँ।

ध्रुव—(उत्तमलाई आँप दिंदै) जाडोको शुरूसम्म बाँकी रहेको उस वेलाको आँप मध्य-शिशिरमा क्षन् शून्य भयो, फेरि यो न्यानो समयको आँप तिमीलाई संझेर ल्याएको छु।

सुरुचि—यो आँप उही फ्याँकिएकोको बीजबाट पैदा भएको होला। ध्रुव, अब ती कुरा बिर्स जसरी दुई गनिसकेपछि एकलाई बिर्सिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

दमन—'एक' कहिल्यै बिर्सिदैन किनभने दुइभित्रै एक छ, तर गरीब 'थोरै' भन्दैन जब धेरै एक पाउँछ; 'हिंसा' यो पद खराब हो, यसैमा 'नगर' जोडिएपछि यो वाक्य खराब होइन,—'हिंसा नगर'। महारानी, जुनसुकै कार्य पनि असल हो जसको परिणाम असल हुन्छ—

दुङ्गाको जगले मात्र बन्दैन बलियो घर,
धेरै अवश्य टिक्तैन छाना नै छ भने खर।
जो हिंसा गरेर—

कर्म्मचारीहरू—जेठी महारानी सवारी भयो !

सुनीति, नन्दन. अरू कर्म्मचारीहरूको प्रवेश।

उत्तानपाद—सुरुचि !

सुरुचि—महाराज !

उत्तानपाद—सुनीतिको डुङ्गा जस्तो लोचन कहिल्यै हामीमाथि तरेको छैन, उसको बहना जस्तो तारकाले कहिल्यै हाम्रो प्रेमसागरलाई चिरेको छैन।

(उत्तानपाद सुनीतिलाई आलिङ्गन गर्दछन्)

सुरुचि—दमन, तिम्रो कुरा मलाई सत्य लाग्योः जब क्रोधाग्नि बल्दछ हामी मानिस उम्लेर कोही फिंज, कोही छिटा, कोही बाफ बनेर यो माटोको भाँडाको—यो पृथ्वीको यताउति लाग्न पुग्दछौं, जब क्रोधाग्नि निभेर हामी सेलाउँछौं, फेरि सब यसरी शान्त भएर एकै ठाउँमा जम्मा हुन्छौं।

(ध्रुव र उत्तमलाई डोऱ्याएर लगी आफूसमेत पाँचै जनालाई एकै ठाउँमा अङ्कमाल गराउँछिन्)

bal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding

दमन—राजा खलकको—

दमन—
नन्दन—
कर्म्मचारीहरू—
पुरवासीहरू—
} जय !

दमन—जय विजय महाराजका ! जया विजया महाराजका !

उत्तानपाद—सुनीति, तिम्रो छोराले हामी सबलाई एकै ठाउँमा बाँधिदियो।

सुरुचि—(ध्रुवलाई समातेर) अब ध्रुवलाई मैले लिएँ, बरु यसको बदला हजूरलाई उत्तम दिएँ।

सुनीति—बहिनी, तिमीले मेरो पुत्रलाई फलामको घडामा अमृत दियौ, यसको बदला तिम्रो पुत्रलाई मैले केही तिरेर तिरिंदैन ।

सुरुचि—यही प्रिय वचन उसले पायो जुन जीवदानको बोली-तुल्य बहुमूल्य छ।

दमन—(तेस्रो कर्म्मचारीसँग) सारथिलाई अर्को रथ पनि लिन पठाउनू भन।

(तेस्रा कर्म्मचारी निस्कन्छ)

सुनीति—कंका, तिमीहरूलाई सञ्चो छ ?

कंका—महारानी, सञ्चो भयो–सञ्चो छ।

सुरुचि—कंका हजूरको भलो चाहिरहन्थिन्, रात दिनको खोजमा, दिन रातको खोजमा बिताउँथिन्।

सुनीति—बूढीको भलो परमेश्वर चाहिरहून् !

सुरुचि—पाकेपछि प्रायः जे पनि गुलियो हुन्छ,—जवानीमा केरा टर्रो हुन्छ, सुन्तला आमिलो हुन्छ, पाकेपछि (सुनीतिको हात समातेर) जे पनि जो पनि गुलियो हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

उत्तानपाद—आज मेरो मध्याह्न हो ।

सुरुचि—उदयदेखि अहिलेसम्म कहिले घाम लाग्यो कहिले बदली भयो, अब अस्तसम्म घाम लागिरहोस् ! म हटें, बादल मै हुँ, यो प्रीतिको जाँच मेरै हो ! जाँचें—पृथ्वीमा बदली हुँदा पनि बादलमाथि घाम अवच्छिन्न थियो ।

ध्रुव—अब सारा मिली जाओं, महानन्दी सबै बनी
मेलको शखले काटौं छोटो दिन भए पनि,
रिस छोडौं. सधैं देखौं दयाको सपना सुती,
धर्म्म ढाल लिई रोकौं पाप-बाणहरू जति,
चुत्थो विचार पोखेर उज्वले मन यो भरौं,
खाली ठाउँ जता मिल्छ त्यता अमृत नै छरौं,
शान्ति वैकुण्ठको संझौं, बिसौं संसारको रण,
पहिले मुख्य मानेर श्रीनारायणको गुण
गाओं, खेलौं मजा मोज लुटौं, हाँसौं खुशी बनी,
सकेसम्म पुछौं आँसु अरूका नेत्रको पनि !

दमन—कुमार ध्रुवको—

सब—जय !

(उत्तानपाद, सुनीति, सुरुचि,
ध्रुव, उत्तम निस्कन्छन्)

कंका—कस्तो रमाइलो दिन ! काल, अब जाहिले आए पनि आ, मेरो हृदयमा गजबार बन्द छैन । के सधैं बाँचिरहनू ? किन ? देखिसकियो, सुनिसकियो, खाइसकियो, लाइसकियो, सुख भोगिसकियो, अब मृत्युसँग डर छैन, उसलाई निमन्त्रण छ ।

दमन—त्यो रथ पनि पूर्ण भयो, सबको मनोरथ परिपूर्ण भयो; हामी एकचोटि बाँच्यौं, धेरै चोटि कोही बाँच्तैन ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

नन्दन—सपनामा पनि कसले यो देख्यो ! स्वप्न-सुख ब्यूँझेपछि लोभ्याएर दुःख दिने हुन्छ, यो घटनाले निद्रालाई पनि लम्बिन मदद दिन्छ ।

कंका—महारानी सुरुचि फुटेर बाहिरिएको थियो, जुटेर भित्रिन्छ ।

दमन—असल हो, जो हिंसा गरेर ईश्वरदेखि डराउँछ त्यो दुनियाँको मित्र हो; जो हिंसा गर्दैन तापनि ईश्वरदेखि डराउँदैन भने त्यो संसारको शत्रु हो, समयको नोकर हो। त्यसले चाहे जे पनि गर्न सक्छ; त्यसदेखि सधैं डराउनुपर्दछ जो कसैदेखि डराउँदैन। कान्छी महारानीको हृदय उज्यालो रहेछ, उहाँबाट कसैको हानि हुँदैन, उहाँको शब्द शारदाको जस्तो, क्रोध कालीको जस्तो, करुणा कमलाको जस्तो छ; खूब ठीक स्त्रीको मुख्य उदाहरण होइबक्सिन्छ ।

कंका—त्यस्तै जेठी महारानी सतीको नमूना।

दमन—संदेह छैन ।

नन्दन—छैन, अवश्य हो।

दमन—आज मुख्तको जन्मोत्सव हो, दरबारमा भए जत्ति बत्ती बाल्नुपर्दछ; महाराजलाई बिन्ती चढाएर आजैदेखि वर्ष दिनसम्म शहरभरि उत्सव मनाऔं ! जसजसलाई गालाको घमण्ड छ उनीहरू अब सकेसम्म फुलाऊन् ! जसजसलाई हात खुट्टाको घमण्ड छ बजाऊन्, नाचून् ! हाँसौ, हाँसौ, खुशीको दिन पनि हाँसोको खर्च नगरेर बित्यो भने त्यो दिनको कस्तो रूप होला जब हाम्रो मुख आफै सडेर सिद्धिन्छ !

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

दोस्रा कर्म्मचारी—म पनि एउटा कुत्कुती लाग्ने गीत जोडेर सबलाई सुनाउँछु ।

पहिला कर्म्मचारी—सबै आफै आफै खुशीको गीत गाउनेछन्, कोही कसैको सुन्नेछैन ।

तेस्रा कर्म्मचारी—मलाई पसीना आएपछि म सुनुँला ।

नन्दन—बोल्दा कान बन्द हुँदैन, सुन्दा मुख बन्द हुँदैन, जो पनि सुन्ला सुनाउला ।

दमन—बित्ला रमाइलो वेला अब यस्तै हिसाबले :
लम्बिए तापनी आयु गन्ला छोटो विचारले;
भोगेर नसकी आफै जो पनी सुखका धनी
भोगाउला अरूलाई पनि लोभ नली अनि,
अरूको दाँत हेर्नेछन् आफ्नो देखाउँदै कति,
सुत्नेछैन कुनै चाँड़ो पाएर बिपना खुशी,
उठ्नेछैन कुनै चाँडो पाएर सपना सुखी,
मेटिएला सबै तिर्खा, ठूलो पेट अघाउला,
शारदाको बजी वीणा मनलाई नचाउला !
बित्ला रमाइलो वेला फेरि यस्तै हिसाबले,—
कहिल्यै चित्तमा चाहिं भुलोइन विचारले;
यमदूत पनी हाम्रो देशमा घुस्न आउँदा
हामीसँग मिली हाँसी यो उत्सव मनाउँदा
मनाउँदै सबै काम बिर्सने होस् ! स्वयं यहाँ
स्वर्ग ओर्लोस् ! कसैलाई उकालो नपरोस् त्यहाँ !

(सब निस्कन्छन्)

bal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri. Funded

l Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding



bal Sanskrit University, Balmeeki Campus, Kathmar